# पहिलो परिच्छेद

# अध्ययनपत्रको परिचय

## १.१ विषयपरिचय

मानवसँगै लोककथा उत्पति भए र तिनै कथाहरू पुस्तैपुस्ता मौखिक रूपमा हस्तान्तरण हुँदै आए । लोककथाभित्र मानव समाजका परम्पराबाट चलिआएका सांस्कृतिक चालचालन, रीतिरिवाज, मिथक, सामाजिक विषेशता जस्ता महत्त्वपूर्ण पक्षहरू समेटिएर आएका हुन्छन् । लोककथा हरेक जाति, भाषा संस्कृति र परम्पराको विशेषता हो र मानव सभ्यताको उपज पनि हो । लोककथामा लोकका दुःख, सुख, भोगाइ मात्र नभएर लोकको जीवनदर्शन समाहित भएको हुन्छ । लोककथाले पनि विभिन्न उदाहरणमार्फत प्रेम, सद्भाव, र राम्रो चरित्रसहितको समाजको परिकल्पना पनि गर्दछ ।

लोककथा लोकसाहित्यको एक महत्त्वपूर्ण अङ्ग हो । लोक साहित्यका विधाहरूमा सबैभन्दा बढी महत्व पाएको (बन्धु,२०७५ पृ.२९८) र लोकले रुचाइएको लोककथालाई लोककहानी पनि भनिन्छ । प्रायजसो बुढापाकाहरूले आफ्ना छोराछोरी तथा नातीनातिनाहरूलाई राती सुत्ने बेलामा आगो बालेर आगोको वरिपरि घरगाउँका मानिसहरू समेत जम्मा गरेर सुनाएका कथाहरूमा मनोरञ्जनात्मकता मात्र नभई त्यसबेलाको सन्देश उनीहरूको जीवनभरिको सिकाई पनि मिसिएको हुन्छ । मानवका दुख सुख भोगाई र काल्पनिकतालाई जोडेर कलात्मक र मनोरञ्जनात्मक ढङ्गले लोककथालाई प्रस्तुत गरिन्छ । जहाँ मानव सभ्यता छ र मानव बस्ती छ र त्यहाँ लोककथाहरू यत्रतत्र सर्वत्र पाइन्छन् ।

समाज परिवर्तनसङ्गै नयाँ कथाहरू पनि मौखिक परम्परामा मिसिए र क्रमबद्ध रूपमा हस्तान्तरण भइरहे । लोककथा सङ्ग्रहकर्ता र विश्लेषणकर्ता तुलसी दिवशका अनुसार, “लोककथामा मानवमा अतीत मात्र होइन वर्तमान पनि प्रतिध्वनित र निहित हुने गर्दछ” (दिवस, २०७७ पृ.२) ।

लोककथा पुस्तापुस्तामा हस्तान्तरण हुने भएकाले प्रायः वृद्धवृद्धाहरूले नयाँ पुस्तालाई सुनाउने चलन छ तर लोककथा जुनसुकै पुस्ताले पनि सुनाउन सक्छ । फुर्सदको समयमा बसिबियाँलो गर्न, मनोरञ्जन गर्न, नैतिक उपदेश दिन तथा पुराना कथाको माध्यमबाट नयाँ जीवनको मार्गदर्शन गर्न लोककथा अत्यन्तै सफल रहेको छ । सरल भाषाशैली, शृङ्खलाबद्ध कहानी र मनोरञ्जनात्मक प्रस्तुतीकरणले गर्दा लोककथा लोकसाहित्यको लोकप्रिय विधा बनेको छ । मानवका दुःख सुख, ऐतिहासिक घटनावली तथा पौराणिक कहानीहरूलाई कहावतको रूपमा प्रयोग गर्ने परम्परा कालिञ्चोक गाउँपालिकामा पनि रहेको छ ।

२२ हजार ९५४ जनसङ्ख्या रहेको कालिञ्चोक गाउँपालिका दोलखा जिल्लाको एक ऐतिहासिक सांस्कृतिक तथा पर्यटकीय महत्व बोकेको क्षेत्र हो । विभिन्न जातजाति तथा भाषाभाषीहरूको बसोबासले गर्दा यस क्षेत्रमा फरक र मौलिक किसिमका लोककथाहरु प्रचलित रहेका छन् । जसरी विभिन्न जातजाति र भाषाभाषीका मानिसहरू यत्रतत्र छरपष्ट रहेका छन् त्यसरी नै ती जातजाती र भाषाभाषी सँगसँगै लोककथाहरु पनि छरपष्ट रहेका छन् । यस अध्ययनपत्रले तिनै कालिञ्चोक गाउँपालिकाभरि छरपष्ट रहेका लोककथाहरुलाई संकलन गरी तिनीहरूको वर्गीकरण र विश्लेषण गर्ने जमर्को गरेको छ ।

## १.२ समस्याकथन

कालिञ्चोक क्षत्रमा प्रचलित लोककथाहरू मौखिक रूपमा मात्र सीमित रहेका छन् । ग्रामीण क्षेत्रमा युवाहरूको बसोबास कम हुनु, बालबालिकाहरू पठनपाठनको निम्ति शहर लगिनु र पुस्ताहरूबीचको अन्तरले गर्दा मौखिक परम्पराले निरन्तरता नपाउनाले गर्दा लोककथाहरू लोप हुने स्थितिमा छन् । यसरी समाज र सभ्यता बोकेका लोककथाहरूको अध्ययन अनुसन्धान निकै कम छ अर्थात समग्र कालिञ्चोक क्षत्रमा यस्ता कथाहरूको अध्ययन तथा सङ्कलन यसपूर्व भएकै छैनन् । यस अध्ययनपत्रले तिनै लोपोन्मुख लोककथाहरूलाई अन्वेषण गरी संरक्षण र संवर्धन गर्नमा योगदान पुऱ्याउनेछ ।

यस अध्ययनपत्रका लागि समस्याहरू निम्नानुसार छन् ।

१. कालिञ्चोक क्षेत्रमा केकस्ता लोककथाहरू प्रचलित छन् ?

२. कालिञ्चोक क्षेत्रमा प्रचलित लोककथाहरूको वर्गीकरण र विश्लेषण केकसरी गर्न सकिन्छ ?

## १.३ अध्ययनपत्रको उद्देश्य

यस अध्ययनपत्रको उद्देश्य निम्नानुसार रहेको छ :

(१) कालिञ्चोक क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन गर्नु,

(२) कालिञ्चोक क्षेत्रमा प्रचलित लोककथाहरूको वर्गीकरण र विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

दोलखा जिल्लाको साहित्य र सिर्जनामा धेरै व्यक्तिहरूले शोधकार्य गरिसकेको भए पनि कालिञ्चोक क्षत्रमा लोकसाहित्यको विषयमा धेरै अध्ययन हुन सकेको छैन । कृष्णमाया बुढाथोकीले स्नातकोत्तर तह द्वितीय वर्षको दशौँ पत्रका लागि 'दोलखा जिल्लामा प्रचलित लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण' (२०६५) तयार पारेकी छन् । उक्त अध्ययनपत्रमा दोलखा जिल्लाको मैनापोखरी जिरी क्षेत्रका गीतहरूको अध्ययन गरिएकाले कालिञ्चोक क्षेत्रमा लोकसाहित्यको क्षेत्रमा कुनै अध्ययन हुन सकेको छैन ।

बाबुराम के.सी. ले स्नातकोत्तर तह द्वितीय वर्षको दशौँ पत्रका लागि 'दोलखा जिल्लाको तामाकोशी क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन' (२०७४) तयार पारेका छन् । उक्त अध्ययनपत्रमा तामाकोशी क्षेत्रका लोकगीतहरूलाई अध्ययन गरिए पनि कालिञ्चोक क्षेत्रका लोकगीतको अध्ययन भने भएको छैन ।

मिथिला देवी वाग्लेले २०७४ सालमा त्रिभुवन विश्वविद्यालयको नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दशौंपत्रको आंशिक प्रयोजनको लागि दोलखा जिल्लाको दक्षिणी भेगमा प्रचलित लोककथाहरूको अध्ययन गरेकी छन् उक्त अध्ययनपत्रमा समावेश गरिएको कालिञ्चोकमा बिर्सिएको खुकुरी नामक कथा कालिञ्चोक भगवतीको महिमाको कथा हो जुन दोलखा जिल्लाको दक्षिणी भेगमा मात्र नभई दोलखा जिल्लाभरि नै प्रसिद्ध छ । कालिञ्चोक भगवती कालिञ्चोक क्षेत्रमा मात्र नभएर दोलखा जिल्लाभरि नै प्रसिद्ध भएको कारणले गर्दा कालिञ्चोकका किंवदन्तीहरू यत्रतत्र सुन्न पाइन्छन् । मिथिला देवीको अध्ययन कालिञ्चोक क्षेत्रमै नगरिएता पनि उक्त अध्ययनमा समावेश गरिएको कालिञ्चोकमा बिर्सिएको खुकुरी कथा यस अध्ययनपत्रको निम्ति महत्त्वपूर्ण छ ।

लालबहादुर तामाङको 'तामाङ जातीमा प्रचलित लोककथाको अध्ययन' (२०७५) मा दोलखा जिल्लाको शैलुङ क्षेत्रमा बसोबास गर्ने तामाङ जातिमा प्रचलित लोकगीतको अध्ययन गरिएको छ ।

जिल्लामा समग्रमा हेर्ने हो भने २०७३ सालमा नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित "पचहत्तर जिल्लाका लोककथा" मा 'जिरेल र सुरेल' कथा प्रकाशित छ (पचहत्तर जिल्लाका लोककथा, २०७३) । उक्त कथामा वर्णन गरिएका जिरी र सुरी अहिलेका जिरी नगरपालिका र गौरिशंकर नगरपालिका अन्तर्गत पर्दछन् । यसरी गरिएका एकादुई अध्ययन र प्रकाशनबाहेक दोलखा जिल्लामै लोककथाको अध्ययन अनुसन्धान भएका छैनन् भने कालिञ्चोक क्षेत्रमा लोककथाहरूको प्रामाणिक अध्ययन हुन सकेको छैन । यसर्थ कालिञ्चोक क्षत्रका लोककथाहरूको अध्ययनमा यो अध्ययन नै प्रथम अध्ययन बन्न पुगेको छ ।

## १.५ अध्ययनपत्रको औचित्य र महत्त्व

दोलखाको कालिञ्चोक क्षत्र धार्मिक, ऐतिहासिक र पर्यटकीय दृष्टिकोणले अत्यन्त महत्त्वपूर्ण हुनु तर यति महत्त्वपूर्ण क्षत्रमा प्रचलित लोककथाहरूको अध्ययन अनुसन्धान नहुनुले यस अध्ययनपत्रको महत्त्व स्वतः झल्किन्छ । जीवनको मार्गदर्शन र सभ्यताको इतिहास बोकेका लोककथाहरूको उजागर खोजविन गरी सङ्कलन गर्नु, तिनको वर्गीकरण र विश्लेषण गर्नु यस अध्ययनपत्रको औचित्य हो । यसको साथसाथै देशको एक ऐतिहासिक पृष्ठभूमि बोकेको महत्त्वपूर्ण क्षत्रका लोककथाहरूको अध्ययनले समग्र देशको लोककथा र लोकसाहित्यमा टेवा पुऱ्याउनेछ । दोलखा, कालिञ्चोक र यस क्षत्रको

बारेमा जानकारी लिन र भविष्यमा गरिने अनुसन्धानका निम्ति पनि यो अध्ययनपत्र महत्त्वपूर्ण साबित हुनेछ ।

## १.६ अध्ययनको सीमाङ्कन

यो अध्ययन कालिञ्चोक वडा नं १ देखि ९ सम्म सीमित रहेको छ । कालिञ्चोक क्षेत्रमा प्रचलित दशवटा कथाहरूको सङ्कलन गरी ती कथाहरूको तत्त्वगत विश्लेषण र वर्गीकरण गरिएको छ । कथाहरू विशेष गरी जानकार वृद्धवृद्धाहरूबाट सङ्कलन गरिएका छन् । कालिञ्चोक क्षेत्रमा बसोबास गर्ने बाहुन, क्षेत्री, थामी, दमाइ, कामी, नेवार आदि जातजातिहरूलाई समेटिएको छ ।

## १.७ सामाग्री सङ्कलन विधि

सम्बन्धित क्षेत्रमा प्रत्यक्ष गएर स्थानीय व्यक्तिहरूबाट कहिएका कथाहरू सङ्कलन गरिएको छ ।

## १.८ शोधविधि र सैद्धान्तिक विधि

यस अध्ययनपत्र वर्णनात्मक र विश्लेषणात्मक विधि अनुसरण गरी तयार गरिएको छ । सङ्कलित लोककथालाई विषयवस्तुका आधारमा वर्गीकरण गरी सबै लोककथालाई तत्त्वगत आधारमा विश्लेषण गरिएको छ ।

## १.९ अध्ययनको रूपरेखा

यस अध्ययनपत्रको रूपरेखा निम्नानुसार तयार पारिएको छ ।

पहिलो परिच्छेद : अध्ययनपत्रको परिचय

दोस्रो परिच्छेद : कालिञ्चोक गाउँपालिकाको परिचय

तेस्रो परिच्छेद : कालिञ्चोक क्षत्रमा प्रचलित लोककथाहरू

चौथो परिच्छेद : कालिञ्चोक क्षत्रमा प्रचलित लोककथाहरूको वर्गीकरण र विश्लेषण

पाँचौं परिच्छेद : सारांश तथा निश्कर्ष

सन्दर्भ सामग्रीसूची

# दोस्रो परिच्छेद

# कालिञ्चोक गाउपालिकाको परिचय

## २.१ दोलखा जिल्लाको सङ्क्षिप्त परिचय

यस जिल्लाको अधिकांश भूभाग उच्च पहाड तथा हिमालले ढाकेको छ । पहाड र हिमालको खोच, नदी किनार, टार र बेंसी गरी जम्मा १० प्रतिशत भूभाग मात्र समतल भएको अनुमान गरिएको छ । भू-धरातलीय स्वरूपको आधारमा ३५ प्रतिशत भूभाग उच्च हिमाली भेगमा, ४० प्रतिशत भूभाग उच्च पहाडी भागमा र २५ प्रतिशत भूभाग मध्य पहाडी भागले ओगटेको छ । दोलखा जिल्ला हिमाली जिल्ला हो । यस जिल्लाको कुल भुभाग मध्ये करिव ७० प्रतिशत भुभाग ३० डिग्रीभन्दा बढि भिरालोपन रहेको छ (website : www.ddcdolakha.gov.np) ।

दोलखा जिल्लाको कूल क्षेत्रफल मध्ये पानीले ढाकेको क्षेत्रफल ७,०६८ हेक्टर अर्थात ३.२९ प्रतिशत रहेको छ । यस बाहेक वर्षैभरी हिउँले ढाक्ने उच्च हिमाली भेगको क्षेत्रफल ५,६६५ हेक्टर अर्थात २.६४ प्रतिशत रहेको छ । नदीनालाको हिसावले यस जिल्लालाई जलश्रोत सम्पन्न जिल्ला मानिन्छ । जिल्लाका प्रमुख नदीहरू तामाकोशी नदी, खिम्ति खोला, रोल्वालिङ खोला, सिंगटी खोला, गुमुखोला, चर्णावती खोला, दोल्तीखोला आदि रहेका छन् (website : www.ddcdolakha.gov.np) ।

यी खोलाहरूमध्ये तामाकोशी, चर्णावती, सिंगटी खोला, गुमुखोला र दोल्तीखोला कालिञ्चोक गाउपालिका हुदै बग्छन् ।

गौरीशंकर हिमालको काखमा रहेको यो जिल्ला ऐतिहासिक, धार्मिक, साँस्कृतिक, प्राकृतिक सुन्दरताको कारण पर्यटकीय दृष्टिकोणबाट अति महत्त्वपूर्ण छ । दोलखा जिल्लामा दोलखा भीमेश्वर मन्दिर, कालिञ्चोक भगवती, मञ्जुश्री मन्दिर, टासी गुम्बा, चर्नावती (त्रिवेणी धाम), शैलुङ्गडाँडा, च्छो-रोल्पा हिमताल जिरी, खरीढुङ्गा क्षेत्र आदि पर्यटकीय स्थानहरू रहेका छन् ।

यी पर्यटकीय स्थानमध्ये कालिञ्चोक भगवती, चर्णावती कालिञ्चोक गाउँपालिकामा पर्छन् ।

## २.२ दोलखा जिल्लाको नामकरण

दोलखाको नामाकरण सम्बन्धमा विभिन्न किंबदन्तीहरू रहेका छन् । कुनै समयमा एउटा योगी मुसलमानको आक्रमणबाट भागी गौरीशंकर हिमालको एउटा गुफामा गई तपस्या गर्दा शिवजी प्रसन्न भई बरदान दिएकोले योगी अत्यन्त खुसी भई अब म एक पटक

सवैतिर घुमेर आउछु भनी हिड्दा दुई लाख पटक घुम्दा पनि सोही स्थानमा पुगेकोले सो स्थानलाई दो+लाख बाट अपभ्रस हुदैं दोलखा (हिन्दीमा दो भनेको दुई र लख भनेको लाख) नामाकरण भएको भन्ने भनाई रहेको पाइन्छ । अर्को किंबदन्ती अनुसार तिब्बती भाषामा दो को अर्थ ढुङ्गा ल, को अर्थ मन्दिर र खा को अर्थ घर भएकोले दोलखामा प्रसस्त मात्रामा ढुङ्गा माटोबाट बनाइएको मन्दिर र घरहरू रहेको हुनाले यसलाई दोलखा भनिएको हो भन्ने भनाइ पनि रहेको छ । (website: www.ddcdolakha.gov.np) । विक्रम सम्वत सातौं शताब्दीमा भारतको बिहार लगायत उत्तरी क्षेत्रको तिब्बतसँगको व्यापार दोलखाको बाटोबाट हुने गर्दथ्यो । यो मार्ग खुलेपछि दोलखालाई वनघटको रुपमा विकसित गरियो उक्त वनघटमा काठमाडौँ उपत्यकाबाट ७०० नेवार परिवार झिकाई बसाइयो । भनिन्छ त्यसबेला यस बनघटको कोथरे अधिकरणबाट वार्षिक २ लाख प्राप्त हुने भएकाले यसको नाम २ दुईलाखा हुँदै दोलाखा हुँदै पछि दोलखा रहन गयो (ne.m.wikipedia.org) ।

दोलखाको इतिहास नलेखिकन नेपालको इतिहास लेखन पुरा हुदैन भन्ने बाबुराम आचार्यको भनाइ रहेको छ । पहिला अभयपुरको नामबाट परिचित तत्कालिन दोलखा बजारको नामबाट नै यस जिल्लाको नामाकरण भएको हो (website: www.-ddcdolakha.gov.np) ।

## २.३ कालिञ्चोक गाउँपालिकाको परिचय

बागमती प्रदेश अन्तर्गत पर्ने दोलखा जिल्लाको कालिञ्चोक गाउँपालिका नेपालको संबिधानको धारा २९५ को उपधारा ९३० बमोजिम कायम गरिएको एक भौगोलिक तथा प्रशासनिक इकाई हो । दोलखा जिल्लाको प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल कालिञ्चोक भगवतिको नामबाट नामकरण गरिएको यस गाउँपालिकामा जम्मा ९ वटा वडाहरू रहेका छन् । नेपालको संघीय शासन प्रणाली अन्तर्गत राज्य पुर्नसंरचानामा स्थानीय तहको नयाँ सीमाङ्कन गर्दा यो गाउँपालिका ६ वटा साविकका गाविसहरू कालिञ्चोक, लापिलाङ, बाबरे, सुनखानी, लामीडाडा र सुन्द्रावतीबाट रूपान्तरण भई स्थापना भएको हो । विकिपिडिया कालिञ्चोक गाउँपालिका दोलखा जिल्लाको उत्तरी भेगमा पर्ने गाउँपालिका हो । पूर्वमा गौरीशंकर गाउँपालिका, पश्चिममा सिन्धुपाल्चोक जिल्ला, उत्तरमा बिगु गाउँपालिका र दक्षिणमा यसै जिल्लाको भिमेश्वर गाउँपालिकाको बीचमा यस गाउँपालिका अवस्थित छ (https://rb.gy/m30pw20) ।

उच्च हिमाली देखि मध्य पहाडी भेगसम्म फैलिएको कालिञ्चोक गाउँपालिका १३२ दशमलव ४९ स्क्वायर किलोमिटर क्षेत्रफलमा फैलिएको छ । कालिञ्चोक गाउँपालिकामा अवस्थित खोला, झर्ना र हरियाली वनजङ्गलले पालिका निकै मनोरम छ । समुद्र सतहदेखि दुई हजार मिटरको उचाइमा तामाकोशी नदी अवस्थित छ भने यसको आसपासमा कालिञ्चोक गाउँपालिका रहेको छ । कालिञ्चोक गाउँपालिका को सबैभन्दा अग्लो भुभाग

कालिञ्चोक नै हो जसको उचाइ ३८४२ मिटर रहेको छ । कालिञ्चोक गाउँपालिकाको स्थायी कार्यालय सुनखानीमा अवस्थित छ । स्थानीय तहको निर्वाचन पछि यस गाउँपालिकाको अध्यक्षमा अर्जुनप्रसाद शिवाकोटी र उपाध्यक्षमा कुलबहादुर बुढाथोकी निर्वाचित हुनुभएको छ (https://rb.gy/m30pw2) ।

### २.३.१ शैक्षिक अवस्था

साक्षरताको हिसाबले यस गाउँपालिकामा ५४ प्रतिशत महिला र ७२ प्रतिशत पुरुष गरी जम्मा ६३ प्रतिशत जनसङ्ख्या साक्षर रहेका छन् । कालिञ्चोक गाउँपालिकामा जम्मा ५४ विद्यालयहरु सञ्चालनमा छन् भने तिमध्ये ९ विद्यालयहरूमा उच्चमाध्यमिक तह सम्मको, ३ विद्यालयहरुमा माध्यमिक तह सम्मको र ४० आधारभूत विद्यालयमा गरी ४८ सरकारी र २ नीजी विद्यालयहरु छन् । यस गाउँपालिकामा एउटा क्याम्पस पनि रहेको छ ।

### २.३.२ स्वास्थ्य

कालिञ्चोक गाउँपालिकाको स्वास्थ्य स्थिति नियाल्दा गाउँपालिकाभरी जम्मा एउटा सामुदायिक अस्पताल छ भने ६ वटा स्वास्थ्य चौकीहरू हाल संचालित छन् । गाउँपालिकामा एउटा निजी अस्पताल संचालनमा छ । यस भेगहरूका मानिसहरूले स्वास्थ्य उपचारको लागि अझै पनि स्वास्थ्य संस्था मात्र नभई धामीझाँक्रीमा पनि उत्तिकै विश्वास राखेको पाइन्छ । यस गाउँपालिकाले आकस्मिक बिरामी ओसारपसारका लागि २ वटा एम्बुलेन्सहरू सञ्चालनमा ल्याइराखेको छ (https://rb.gy/m30pw2)।

### २.३.३ सञ्चार

सञ्चारको क्षेत्रमा यस गाउँपालिकामा मोबाइल इन्टरनेटको सुविधा भएको पाइन्छ । तर मोबाइल जस्तै इन्टरनेट सेवा सबैको पहुँचमा छैन । दोलखा जिल्लामै धेरै रेडियो स्टेसनहरू भए पनि कालिञ्चोक गाउँपालिका भित्रै कुनै रेडियो एफ.एम. स्टेसनहरू सञ्चालनमा आएका छैनन् । त्यसैगरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पत्रिकाहरूको पहुँच भए पनि स्थानीय पत्रपत्रिकाहरूको प्रकाशन भएको छैन ।

### २.३.४ यातायात

यातायातको हिसाबले कालिञ्चोक गाउँपालिकामा प्रमुख सडकहरू दुईवटाः चरिकोट लामाबगर र चरिकोट बाबरे रहेका छन् । चरीकोट लामाबगर गौरीशंकर गाउँपालिकामा अवस्थित भएर पनि कालिञ्चोक गाउँपालिकाको तल्लो भेगलाई समेटेर अघि बढ्छ भने कालिञ्चोकको गाउँपालिकालाई लगभग बीच पारेर चरिकोट बाबरे सडक स्थित छ । ती मुख्य दुई सडक बाहेक अरू शाखा सडक पनि रहेका छन् । कालिञ्चोक गाउँपालिका को मुख्य धार्मिक केन्द्र कालिञ्चोक जाने सडक भने चरिकोटबाट नै छुटिन्छ भने लापिलाङबाट पनि कालिञ्चोकसम्म सडकखण्ड जोड्ने प्रयास भइरहेको छ । समग्रमा

यातायातले धेरैजसो भूभाग जोडिए पनि मुख्य सडकहरूमा आइपुग्न १/२ घण्टा भने अझै हिड्नुपर्ने स्थिति छ । यातायातका साधनहरू मध्ये चारपांग्रे साधनहरू धेरै चल्छन् भने दुई पाङ्गे साधनहरू पनि प्रशस्त चल्ने गर्छन् (https://rb.gy/m30pw2) ।

### २.३.५ विद्युत

कालिञ्चोक गाउँपालिकामा सबै घरहरूमा विद्युत सेवा उपलब्ध छ । कालिञ्चोक गाउँपालिकाको विद्युत लाइन बागमती प्रदेश प्रादेशिक कार्यालय काठमाडौँबाट नियन्त्रित छ । केही वर्ष अगाडिसम्म विद्युतको अभावमा कालिञ्चोक गाउँपालिकामा धेरै घरहरू प्यानलमा निर्भर थिए । अहिले भने सबै गाउँपालिकाका सबै घरहरूमा केन्द्रीय विद्युत सेवा उपलब्ध छ । हाल गौरीशंकर गाउँपालिकामा निर्माण सम्पन्न हुन लागेको अपर तामाकोशी हाइड्रोपावरले विद्युत सेवा अझ विस्तार गर्ने योजनामा (5https://utkhpl.org.np/) ।

### २.३.६ खानेपानी

खानेपानीका दृष्टिढकोणले पहाडी भेगमा भएकोले कालिञ्चोक गाउँपालिकाले अभाव खेप्नु परेको छ । यो अभावलाई पुरा गर्न विभिन्न परियोजना र कार्यहरू भइरहेका छन् ।

### २.३.७ कृषि

सुनखानी, तोरीखेत र बन्चरे बाहेकका धेरैजसो इलाकाहरूमा पानीको अभाव रहेकोले खेतीपाती त्यती उत्साहजनक छैन । यससँगै धेरै मानिसको काठमाडौं र अरू सहरी ईलाकाहरूमा बसाइँसराइ हुने गरेकोले अधिकांश पाखोबारी र खोरियाहरू बाँझै रहेका छन् भने खेतीपाती भइरहेको ठाउँमा पनि पुरानै तरिकाले खेती गरिएको पाइन्छ । आधुनिक खेती बीउ र मलको प्रयोग न्युन रहेको छ ।

### २.३.८ जनसङ्ख्या

जनसंख्याको हिसाबले कालिञ्चोक गाउँपालिकामा हाल २२९५४ मानिस बसोबास गर्छन भने ती मध्ये महिला १०८२९ र पुरुष १०२६९ रहेका छन् । यस क्षेत्रमा मुख्यगरी थामी समुदायको बाहुल्यता पाइन्छ भने ब्राह्मण, क्षेत्री, तामाङ, नेवार, दमाई, कामी, सार्की, शेर्पा, मगर, ठकुरी, भुजेल आदिको बसोबास पनि रहेको छ (https:// rb.gy/m30pw2) । यस क्षेत्रका ब्राह्मण क्षेत्रीहरूको सामाजिक आर्थिक अवस्था मध्यम स्तरको रहेको छ भने थामी, सार्की, कामी जस्ता जातजातिको अवस्था निम्नमध्म स्तरको रहेको छ । यस क्षेत्रका मानिसहरूको प्रमुख पेशा कृषि र पशुपालन हो भने शिक्षक र अन्य सरकारी सेवा, व्यापार व्यवसाय पनि प्रमुख पेशाको रूपमा रहेका छन् ।

### २.३.९ सांस्कृतिक अवस्था

कालिञ्चोक गाउँपालिका प्रमुख मन्दिरहरूमा कालिञ्चोक भगवती, गुमबेशी कालिका, कालिनागथान, जालपाश्वरीदेवी, भिरामाथि कालिका, मादेऊथान आदि रहेका छन् ।

यस क्षेत्रका प्रमुख जात्रामा कालिञ्चोकमा जनैपूर्णिमा र नौ दुर्गा पूजा धुमधामले मनाइन्छ, गुमुबेशीमा नौ दुर्गा पूजा, महादेउथानमा सद्मी छर्ने् जात्रा, कालिनागथानमा नागपञ्चमीको पूजा र तामाङहरूले बुद्धपूर्णिमा धुमधामले मनाउँछन् । यस गाउँपालिका लाई लक्षित गरेर स्वर्गीय जनार्दन घिमीरेले परिकल्पना गरेको संस्कृत ग्रामको निर्माणका पुर्वाधारहरू पनि तयार गरिदै छन् ।

## २.३.१० निष्कर्ष

दोलखा जिल्लामा पर्ने प्रसिद्ध तीर्थस्थल तथा पर्यटकीय क्षेत्र कालिञ्चोक भगवतीको नामबाट नै यस गाउँपालिकाको नामाकरण भएको हो । कालीरुपा पार्वतीले आफ्नो कालीरूपबाट मुक्त हुनको निमित्त गौरीशंकर पर्वतदेखि कालन्धर पर्वतमा आई साधना र तपस्या गरेकी हुनाले यस क्षेत्रको नाम कालिञ्चोक रहन गएको हो । समुद्र सतहबाट करिब हजार मिटरदेखि ३८४२ उचाइमा मिटर उचाइमा अवस्थित यस गाउँपालिकामा साविकका गाविसहरू कालिञ्चोक, लापिलाङ, बाबरे, सुनखानी, लामीडाडा र सुन्द्रावतीलाई समावेश गरिएको छ । भौगोलिक दृष्टिकोणले कालिञ्चोक गाउँपालिकाको अधिकांश भूभाग हिमाली पहाडी क्षेत्रमा पर्दछ । यस क्षेत्रमा लालीगुराँस, चिमाल, धुपी, सल्लाजस्ता वनपैदावर र बेल, चुत्रो अमला, जटामसी, टिम्मुरजस्ता जडीबुटीहरू पाइन्छन् ।

कालिञ्चोक क्षेत्रका महत्त्वपूर्ण धार्मिक तथा सांस्कृतिक सम्पदाहरूमा कालिञ्चोक भगवती, गुमबेसी कालिका, कालीनागथान भिरामुनि देवी, शिवकुटी, जालपाश्वरी देवी गुमुका शिव आदि रहेका छन् । त्यसैगरी यस गाउँपालिकामा बसोबास गर्ने जातजातिहरूमा थामी, तामाङ, ब्राह्मण, क्षेत्री, शेर्पा, नेवार आदि रहेका छन् । शैक्षिक दृष्टिकोणले यस गाउँपालिकामा ५४ प्रतिशत महिला र ७२ प्रतिशत पुरुष गरी जम्मा ६३ प्रतिशत जनसङ्ख्या साक्षर रहेका छन् । यस गाउँपालिकामा जम्मा ५४ विद्यालयहरु सञ्चालनमा छन् भने तिमध्ये ९ विद्यालयहरूमा उच्चमाध्यमिक तह सम्मको, ३ विद्यालयहरुमा माध्यमिक तह सम्मको र ४० आधारभूत विद्यालयमा गरी ४८ सरकारी र २ नीजी विद्यालयहरु छन् । यस क्षेत्रको अधिकांश भूभाग भिरालो र सिँचाइको अभावले गर्दा बाँझै रहेको छ भने भएको खेतीपाती पनि प्रायजसो आकाशे पानीमा निर्भर हुनाले गदा कृषि राम्ररी फस्टाउन सकेको छैन । यस क्षेत्रको प्रमुख बालीहरूमा धान, कोदो, गहुँ, मकै आदि रहेका छन् । यस क्षेत्रका जम्मा जनसङ्ख्यामध्ये अधिकांश कृषिमा निर्भर छन् ( hhtps://761khabar.com)।

# तेस्रो परिच्छेद

# कालिञ्चोक क्षेत्रमा प्रचलित लोककथाहरू

## ३.१ औसानीको मन्त्रको कथा

उहिले एक समय बुलुङका एकजना अचार्ज ब्राह्मण चरिकोटबाट फर्किंदै थिए । फर्किंदा बाटैमा झ्याम्म रातपरेछ । चरिकोटबाट पैदल बाटो राम्पा तलतल पीखुती खोला (गुमुखोला) हुँदै सिंगटी पुगेर उकालो लाग्नुपर्थ्यो । ब्राह्मण आउँदा बाटैमा रात परेछ । अब बास बस्न पनि अरू जातले छोएको नखाने, ब्राह्मणको घर बाटोमा नभएकाले आ... जेसुकै होस जान्छु भनेर ब्राह्मण सरासर हिँडेछन् । गुमुखोला साघुँ तरेपछि त्यहाँ प्रायः यो भेगका मानिसहरूको घाट छ । अहिलेजस्तो उबेला उपचार गर्न काठमाण्डौं लैजादैंनथे । दिनहुँजस्तो घाटमा लास पोलिन्थ्यो । यो भेगमा तामाङ, थामी, शेर्पा आदि जातले मृत्युपछि शरिर गाड्ने चलन भएकोले छेउमै चिहान पनि छ । त्यहाँ उहिले काठको साँघु थियो, ऐले त झोलुङ्गे पुल छ । त्यो साघुँ तर्नासाथ त्यहाँ त तमासको भोज रहेछ रे । फेरि भोज पनि ब्राह्मणहरूकै जस्तो छ रे । भान्छेले कपडा खोलेर खाना पस्कदै रहेछन् रे । उबेला ब्राह्मणहरूको कछाड फेरेर खाना खाने चलन । उनलाई चिनेचिने जस्तो लाग्ने ब्राह्मणले भनेछन् लौ बाजे पनि आइपुग्नु भएछ भान्छा गरेर जानुहोस । उनलाई निकै भोक लागेको थियो सोचेछन् भोकले गोडा गलिसके खाएर हिँडे अबेरसम्ममा घर पुगिन्छ । त्यसैले उनी ब्राह्मणको संस्कारअनुसार कछाड फेरेर खान बसे ।

भोकमा गुन्द्रुक र भात भए पनि कताकता हो सोचेर खान बसेछन् । तर अगाडि मजाले ठूलो काँसको थालमा मीठो जस्तो बास्ना आउने तीनचार थरि तरकारी, दाल र पानीसहित थियो । उनी कछाड फेरेर पानीले खाना अचाए । बिहानदेखि खाना नखाएको हुनाले औसानी हाल्न ॐ भुवनपतये स्वाहाः ॐ भुतानापतये स्वाहाः भनेर खाना चढाउँदा त छक्क ! आखाँअगाडिको त्यो भोज, त्यत्रा मान्छेसबै गायब । हेर्छन त अगाडि एउटा हाडको टुक्रा मात्र रहेछ । उनी डरले थररर भएछन् र नाङ्गै कपडा जुत्ता टिप्दै लाउँदै पत्तातोडले दगुरेछन् ।

खबर आयो कि ती ब्राह्मण बुलुङको घर पुगेको तीन दिन पछि रगत बान्ता गरेर मरे अरे ।

**स्रोतव्यक्ति :** सीतादेवी भण्डारी

**उमेर :** ७० वर्ष

**ठेगाना :** कालिञ्चोक-४, दोलखा

## ३.२ कालिञ्चोकको कथा

उहिले सत्ययुगमा गौरीशकर पर्वतमा शिव र पार्वती रमाउदै क्रीडा गर्दै बस्नुभएछ । यसरी शिव र पार्वती एक अर्कामै हराएको भुलेको देखेर देवताहरूको मनमा चिन्ता परेछ । यसरी संसारका मालिक शिव पार्वतीमै भुलेर वस्नुभयो भने जगतको रक्षा को गर्ला ? हामी देवताहरूको रक्षा को गर्ला ?

यस्तो चिन्ता परेपछि देवताहरू श्री शिवको शरणमा पुगेर बिन्ती विसाएछन् । प्रभो हजुरले यसरी हामीलाई र संसारलाई चटक्क विर्सेपछि हाम्रो रक्षा को गर्ला ? देवताहरूको विन्ति सुनेर शिवले भन्नुभएछ भन त मैले के गर्नुपर्छ अब ? जसो गर्नुपर्छ भन्छौ म त्यसै गरुँला । यति शिवका वचन सुनेर देवताहरू भनछन् हजुरले अरु क्यै गर्नुपर्दैन पावतीलाई काली भनिदिनुहोस् । यति सुनेर देवताहरूको स्वर्ग गएछन् र शिवले पार्वतीलाई ठट्टै ठट्टामा काली भन्नुभएछ । शिवले काली भन्नासाथ पार्वती काली हुनुभएछ यसरी शिवले आफुलाई काली बनाउनुभएकोमा गौरीलाई रिस उठेछ र शिवसँग रिसाइछन् । यसरी पार्वती रिसाएपछि शिवले सम्झाँउदै तिमी ध्यान गरेर पूनः गोरी हुनेछौ भन्नुभएछ । पार्वतीले पनि हवस् भनी गौरीशंकर पर्वतबाट हालको कालिञ्चोक क्षेत्रमा पर्ने कालन्धर पर्वतमा तपस्या गर्न जानुभएछ । कालीरूपी पार्वतीले तपस्या गरेको हुनाले यस स्थानको नाम कालिञ्चोक रहन गएछ । पार्वतीले एक चित्तले तपस्या गर्दा गर्दा उनका दुबै आखाबाट अजस्र आँसुका धारा बहेछन् । यसरी पार्वतीका आँखाका कोशबाट बहेका हुनाले दुई आँखाबाट सुनकोसी र तामाकोशी नदी उत्पन्न भएछन् । त्यसरी कालीरूपी पार्वती कालन्धर पर्वतमा तपस्या गर्न गएपछि शिव पनि कैलाश पर्वतमा एक्लै बस्न नसकेर भैरव रूप भई भिमेश्वर महादेवको रूपमा दोलखामा तपस्यारत रहनुभएछ ।

पार्वतीले तपस्याबाट लामो समयसम्म आँखा नउघारेपछि शिवले भन्नुभएछ "पार्वती तिमी आफ्नो छाला उतारेर हेर त गोरी भइसक्यौ" । त्यसपछि पार्वतीले आफ्नो छाला उतार्नुभएछ र उहाँले छाला उर्तादा त्यहींबाट चर्नावती उत्पन्न भएर बग्न थालिन् भने पार्वती पहिलेजस्तै गोरी भइछन् । भनिन्छ कालन्धर पर्वतमै तपस्यारत रहँदा उनले शुम्भ-निशुम्भ दैत्यको वध गरेकी थिइन् । सपनामा आएर काली भगवतीले मैले शुम्भ-निशुम्भ मारेका खड्गहरू टुट्वानको थुम्कीमा छन् ल्याएर पूजा गर भन्ने आदेशअनुरूप उक्त खड्गहरू आज पनि दोलखाका नेवार र शिवाकोटीहरूले पुज्दै आएका छन् । यसरी पार्वतीले कठोर तपस्या गरेको हुनाले कालन्धर पहाड र कालिञ्चोक पुजनीय छन् । गौरी पार्वतीले उनको कालीरूप त्यहीं छोडेको हुनाले अहिले पनि काली भगवतीको विशेष महत्त्वका साथ पुजा आराधना गरिन्छ ।

**स्रोत व्यक्ति :** मित्रप्रसाद भण्डारी

**उमेर :** ५५ वर्ष

**ठेगाना :** कालिञ्चोक-४, दोलखा

## ३.३ खोटोको धूपको कथा

एकादेशमा दोलखा जिल्लाको उत्तरी भेगका कुरी लगायतका ठाँउहरूमा धेरै धेरै खर्कहरू थिए रे । धेरै गोठालाहरूले गाई पालेका थिए रे । गाई र चौंरी पाल्नु, तिनीहरूको दुध, दही, छुर्पी र मासु बेच्नु  गोठालाहरूको मुख्य पेशा र आम्दानीको स्रोत थियो रे । औलबाट अर्थात गाउँगाउँबाट सामल नुनतेल बोकेर गोठालाहरू लेख जान्थे र त्यहाँ गाईवस्तु पालना गर्थे । एकताकाको कुरा हो त्यहाँ याँटेले गोठालाहरूलाई असाध्यै दुःख दिनथालेछ रे । याँटे आएर बिहान दूध दुहुने समयमा, मोही पार्ने समयमा, बेलुका दुध दुहुने समयमा ठिक्क बसेर दूध दही मोही, नौनी सबै सिध्याइदिएछ रे । एतिमात्र नभएर उसले पकाउन ल्याएको चामल, पिठो सामलतुमल पनि सबै खाइदिन्थ्यो रे ।

यसरी पालैपालो सबै गोठालाहरूको सामलतुमल सकिएपछि गोठालाहरूलाई पर्नु पीर पर्न थालेछ रे । एउटा चतुर गोठालाले याँटेलाई कसरी तह लगाउने भनेर सोचेछ रे । याँटेले मान्छेले जे खायो त्यही खाने, जसरी खायो त्यसरी नै खाने र जुन भाँडामा मान्छेले खान खोज्यो याँटेले पनि त्यही भाँडावर्तनमा खाने भएकाले अर्थात मान्छे कै नक्कल गर्ने भएकोले गोठालाले अलिकति दिमाग लगाएछ रे । एक दिन जङ्गलमा गएर सल्लाको खोटो जम्मा गरेछ रे । भोलिपल्ट याँटे आउनासाथ उसले अलिकति दुध दिएर अँगेनाको छेउमा खोटो पगालेर एउटा कचौरामा याँटेलाई र एउटा कचौरामा आफूलाई लिएर बसेछ रे । अनि बिस्तारै आफ्नो खुट्टा हात हुँदै खोटो दल्दै दल्दै गएछ रे । आफूले चाहिँ दले जस्तो मात्रै गरेछ रे । तर याटैंले चाहिँ  मज्जाले हातले जीउभरि खोटो दलेछ रे । अनि जब याँटेले सबै जिउमा खोटो दलिसक्यो तब गोठालाले एउटा बलिराखेको दाउराले याँटेको शरीरमा झोसिदिएछ रे । अनि याँटे लौन मान्छेले माऱ्यो भन्दै सुइकुच्चा ठोकेछ रे । त्यसदिनदेखि जब खोटोको धुपको गन्ध आउँछ तब त्यसको सातकोस सम्म याँटे देखा पर्दैन रे । त्यसैगरी गोठालाहरूले पनि गोठमा बिहान बेलुका याँटेलाई खोटोको धुप हाल्ने चलन नै बसाले छन् रे ।

**स्रोत व्यक्ति :** बमबहादुर तामाङ

**उमेर :** ४७ वर्ष

**ठेगाना :** कालिञ्चोक-३, दोलखा

## ३.४ गुमुबेशी कालिकाको कथा

हाल कालिञ्चोक गाउपालिका वडा नं ५ मा रहेको गम्बेसी कालिका मन्दिर यस क्षेत्रको पवित्र र धेरै तिर्थालुहरू आवतजावत गर्ने मन्दिर हो । किंवदन्ति अनुसार अमरा नाम गरेका व्यक्ति एकदमै धनी थिए र उनकी ३ सय मुरी विउ जाने जग्गा जमीन थियो तर उनका सन्तान थिएनन् । उनी भगवानमा आस्था राख्ने व्यक्ति थिए । एकदिन मेरो सन्तान छैनन यत्रो जग्गा, जमिन के गर्ने होला उसै पनि यो सम्हाल्ने कोही छैन । कुनै देवताको नाममा दान दिन पनि कुनै देवता छैनन् भन्ने सोचेर सुतेका थिए । राती सपनामा उनले आगोको ज्वाला आकारको अग्नि कालिञ्चोकको डाँडाबाट उनको गोठनजीकै आएर बिलाएको देखे भने सपनामा एउटी कन्या आएर मलाई यस ठाउँमा बस्न मन छ, अघि तिमीले जहाँबाट अग्निको ज्वाला भएर निस्किएको देख्यौ म त्यहीँ छु मलाई त्यहाँ ज्वाला अस्ताएको ठाउँमा स्थापना गर भनेपछि २/४ जना साथी लिएर अमरा कालिञ्चोक गए र उक्त शिला पत्ता लगाएर शिला ल्याएर स्थापना गरे । भनिन्छ कि गुम्बेशी कालिका कालिञ्चोक माइकी पाँच बहिनीमध्ये साहिंली बहिनी हुन् ।

भोलीपल्ट बिहानै उनी शिला हेर्न जाँदा त शिला गायव थियो । उसलाई तनाव भयो र यताउती खोजी गर`तर जति खोज्दा पनि फेला पार्न नसकेर चिन्तित भएर गोठमा गएर पल्टिए । राती सपनामा फेरी तिनै कन्या आएर “म यसरी सुटुक्क कहाँ आउँछु मलाई बाजागाजाका साथ डोलीमा ल्याउ । म जहाँबाट ल्यायौ त्यही छु” भनिन् यसरी अमराको स्वप्नदर्शन पछि उनी फेरी त्यहाँ पुगे, जहाँ शिला उहीँ थिइन् । अब सुदिन ठहऱ्याई गुरु पुरोहितसहित शंख, घण्ट, बाजागाजाका साथ डोलीमा ल्याई स्थापना गरेपछि उनले आजसम्म त्यस फाँट, गाईवस्तु र त्यहाँको बासिन्दाको रक्षा गर्दै आएकी छिन् । भनिन्छ १४ सालमा आएको देस्यानले अन्तका वस्तुभाउ सखाप भए तर गुम्बेसी कालिकाको छत्रछायामा रहेका फाँट र वस्तुहरूमा देस्यानको प्रभाव असाध्यै न्यून थियो ।

यसरी भक्ति र प्रेमसहित पूजा आराधना गर्नेहरूले मन्दिरभित्र पञ्चकन्याहरू नाचेको खेलेको देखेका किंवदन्तिहरू पनि  छन् । भनिन्छ कि अहिले पनि भक्तिसाथ पूजा आराधना गर्नाले कालिकाले इच्छाएको कुरा पूरा गरिदिनुहुन्छ ।

**स्रोतव्यक्ति :** कृष्णप्रसाद न्यौपाने

**उमेर :** ५७ वर्ष

**ठेगाना :** कालिञ्चोक-३, दोलखा

## ३.५ गोल्मा राजाको कथा

उहिले अहिलेको कालिञ्चोक क्षेत्रमा गोल्मा राजा र गोल्मा रानीको राज्य थियो रे । उक्त राज्यमा पशूपालन र खेतीपाती मानिसहरूको मुख्य पेसा थियो भने सिकार खेल्नु राजाको शोक थियो । उनको राज्यमा अरु सबैको सह थियो अन्न उब्जनी राम्रो थियो पशुपालन पनि राम्रो थियो रे अरु सबै कुरा राम्रो हुँदाहुदै पनि उक्त ठाउँको लामापोखरीमा एउटा भीषण नाग बस्थ्यो र बस्तुभाउहरू छेउमा पानी खान जाँदाः ठहरै मार्थ्यो ।

एक दिन गोल्मा राजाको दरबारमा एकजना जोगी डुल्दै आए र राजालाई राज्यको क्षेमकुशल सोधेछन् रे । राजाले राज्यको हालचाल सँगँसगै नागको समस्याबारे बताएछन् । जोगीले राजाकी छोरीसँग बिहे गर्ने सर्तमा नागलाई टुंगो लगाउने वचन दिएछन् । राजाले पनि प्रश्ताव स्वीकारेछन् । ४ वटा धारिलो तरवार ४ शरीरको ४ तिर फर्काएर पोखरीको छेउमा गएछन् । उनलाई नागले स्वाट्टै निलेछ र नाग चार चीरा भएर एउटा लादुक, एउटा नागदह, एउटा दुधपोखरीमा र एउटा सिमपानीमा पुगेछन् र त्यहीँ बास गरेछन् ।

नागको समस्या सुल्भेपछि राजामा अहंकार चढेछ । कहाँ यो जोगी कहाँ मेरी राजकुमारी भनेर छोरी दिनुको साटो जोगीलाई पो कुद्दैकुद्दै दरबार भन्दा निकै पश्चिम पुऱ्याएर भीरमा लगेर मारेछन् । त्यो भीरलाई आज पनि जोगीमारे भीर भनिन्छ । यसरी बाह्रैमास पानी हुने लामोपोखरीमा हिउँदमा पानी सुक्न थालेछ र जोगीको आत्माले सरापेको हुनाले गोल्मा राजाको पनि पतन भएछ ।

**स्रोतव्यक्ति :** अमृतबहादुर बानियाँ

**उमेर :** ७७ वर्ष

**ठेगाना :** कालिञ्चोक-१, दोलखा

## ३.६ चतुर बुढो

एकादेशमा दुई बुढाबुढी थिए रे। एकदिन उनीहरूलाई सेल खान मन लागेछ रे । बुढाबुढी सल्लाह गरेर बुढी चामल खोज्न गइछ भने बुढो दाउरा खोज्न वनमा गएछ । वनमा बाघले बुढोलाई खान खोजेछ, बुढाले भनेछ हामी आज सेल पकाउँछौं तिमी सेल खान घर आऊ त्यो घर मेरो हो तर मलाई नखाऊ । बाघले बुढाले भनेको टेरेछ र बुढो दाउरा लिएर घरमा आएछ । बुढाले दाउरा ल्याएछ, बुढीले पीठो खोजेर ल्याइछिन् । बुढाले बाघसँगको भेट र भएका कुरा बताएछन् ।

सेल खाएर लुकिहाल्ने सुरले छिटोछिटो सेल पकाएर खाएछन् । अन्तिम सेल खाँदाखाँदै बाघको घुरघुर सुनेछन् र हतारहतार कता लुक्ने भनेर डराएछन् किनकि घर सानो थियो र बाघले खाने पक्का थियो । त्यसैले उनीहरू घ्याम्पोभित्र हतारहतार लुकेछन् ।

बाघ आएर बुढालाई खोजेछ नभेटेर यताउता गर्न थालेछ । उता सेल खाएर टन्न भएका बुढाबुढीलाई पादले हैरान बनाएछ । बुढिले अलि सानो स्वरमा भनिछ रे पाद आयो बुढा, बुढोले भनेछ थुन बुढी थुन, थुन । एकछिन्मा बुढोले ढ्वाँइयँ पादेछ रे । बुढोले पाद ढ्वाँइयँ पार्दा बन्दुक पड्क्यो भनेर बाघ सुईकच्चा ठोकेछ भने उनीहरू लुकेको घ्याम्पो पनि प्वाट्टै फुटेर दुई टुका भएछ र बुढाबुढीहरू भुइँमा ड्वाङ्ग पछारिएछन् ।

**स्रोतव्यक्ति :** इश्वर ढुङ्गेल

**उमेर :** ३५ वर्ष

**ठेगाना :** कालिञ्चोक-२, दोलखा

## ३.७ तन्त्रविद्या

उहिले नारिभौँ हालको नर्मीमा एकजना जयभद्र जैसी बस्थे । उनी ठूला तान्त्रिक थिए । उनको तन्त्रविद्या सूपरिचित थियो । समय कहिले मन्त्रको, कहिले तन्त्रको र कहिले यन्त्रको हुन्छ । ऐलेको समय यन्त्रको हो तर उ समय तन्त्रको थियो । एकफेर ती जैसीसँग अरु पनि कालिञ्चोक जाँदा बाटोमा चौंरीगोठ भेडिखर्कहरू थिए । ती जैसीको नजर एउटा भेडिगोठको एउटा गतिलो थूमामा परेछ । उनले शेर्पासँग भेडाको मोलमोलाई गरेछन् । शेर्पा ३ मोहोर भन्दा कममा भेडो नदिने भएछ जैसी २ मोहोर भन्दा नथप्ने भए छन् । यसरी कुरा मिलेन र जैसीहरू घर फर्के ।

उनीहरू घर फर्के पनि उनीहरूको मनबाट त्यो गतिलो भेडो हराएनछ । त्यो भेडाको मासुको स्वादको कल्पनाले उनीहरूलाई हुरुक्क बनाएछ । उनीहरूले सल्लाह गरेछन् कि जसरी भए पनि त्यो भेडो ल्याउनुपऱ्यो । यसको निम्ति उनीहरूले तन्त्रविद्याको प्रयोग गरेछन् । जयभद्रले तन्त्रविद्याले सेता र वेसार मुछेका पहेँला अक्षता मुछे छन्र ठीक पारे छन् । सेता अक्षता जाने मान्छेलाइ हानेछन् जयभद्रले । ऊ तुरुन्त बाघमा परिवर्तन भएछ । त्यो भेडिगोठमा गएर हुँकार र फुंकार गरेछन् भोटेका कुकुर आइलागेछ ।

ती कुकुरलाई टोक्दै उछिट्याउँदै गरेछ । त्यसपछि शेर्पाले अगुल्टो उजाएछ । त्यो अगुल्टो पनि खोसेर फ्याँकेछ । त्यसपछि शेर्पाले मार हान्ने धारिलो खुकुरी उजाएछ । त्यो बाघले खुकुरी एउटा हातले अर्को हातले त्यहि भेडो समातेर टाप कसेछ । यता खुकुरी र थुमा ल्याएपछि जयभद्रले पहेँला अक्षताले हानेछन् । त्यो बाघ तुरुन्त अघि पठाएको मान्छेमा परिणत भएछ र उनीहरूले स्वादको त्यो थुमा उही खुकुरीले काटेर खाएछन् ।

धेरै समयपछि दोलखाको भिमसेनथानमा खड्गे जात्रा लाग्दा जैसी पनि गएछन् र शेर्पा पनि पुगेछ । जैसी दापमा उही भेडीगोठबाट ल्याएको खुकुरी भिरेर गएछन् । शेर्पाले धेरैबेर हेर्दा आफ्नो खुकुरी चिनेछ र धेरैबेरसम्म पछ्याएर आफ्नै खुकुरी हो भन्ने एकिन भएपछि घिमिरेलाई सोधेछ । "बाजे तपाइले भिरेको खुकुरीको दाप मेरो हैन तर त्यो खुकुरी मेरै हो । म आफ्नो माल चिन्छु भन्नुस त त्यो तपाइले कहँबाट पाउनुभयो भनेर सोधेछ । जैसीले कालिञ्चोक यात्रा, भेडोको मोलमोलाई, भाउ नमिलेको र तन्त्रसाधनाले बाघ भएर भेडो ल्याएको कुरा बताएछन् । शेर्पाले भनेछ तपाइँहरू तन्त्रसाधक हुनुहुँदो रहेछ मलाई एउटा भेडो गुमेको खेद छैन । भेडा मसँग जति पनि छन् तर मलाई मेरो खुकुरी फिर्ता दिनुहोस न भनेछ । जैसीले भनेछन् मेरो घर नारिभौँ हो । खुकुरी लिने भए एउटा भेडो लिएर त्यहीँ आउनु भनेछन् । त्यसपछि शेर्पा र जैसी आफ्नो आफ्नो बाटो लागे । पछि शेर्पा भेडो लिएर नारिभौँ गएर आफ्नो खुकुरी लिएर खर्क फिरे रे ।

**स्रोतव्यक्ति :** रामप्रसाद सुवेदी

**उमेर :** ५० वर्ष

**ठेगाना :** कालिञ्चोक-४, दोलखा

## ३.८ थामीको उत्पतिको कथा

त्रेता युगमा भगवान रामका पिता दशरथको राज्यमा धेरै रघु नाम गरेका राजा थिए । उनको माछा मार्ने निजी माझी थिए । उक्त राज्यमा सबैभन्दा माथि सुनको पोखरी थियो, बिचमा चाँदीको पोखरी थियो भने सबैभन्दा तल ठूलो खोला थियो । माझी सधैं माछा मार्ने गर्थे र हरेक दिन माछा दरबारमा पुऱ्याउने गर्थे । उतिबेला खोलामा सहरी जातका माछा ठूला र पोषिला हुने भएकाले सहरी जातका माछाहरू दरबारमा बुझउन पर्थ्यो भने अन्य जातका माछाहरू भने आफ्नो घरमा लैजान पाउँथे । एकदिन माझी माछा मारिराखेका थिए तर जति जाल हाने पनि एउटै माछा परेको थिएन । माथि सुनको पोखरी चिरिएछ र पानी चांदीको पोखरीमा मिसिएछ । चादिको पोखरी पनि पानी थाम्न नसकेर चिरिएछ । पानी बग्दै बग्दै माझीले माछा मारिराखेको खोलामा मिसिएछ ।

पानीको वेग देखेर माझी डराएछ । तर पनि माछा नलिई रित्तो हात दरबार के मुख लिएर जाउँ भनेर जाल हानी नै राखेछ । धरैबेर पछि माझीको जालमा त माछा हैन एउटा बाबू र एउटा नानी पो परेछन् र तिनीहरूलाई माझीले राजाकहाँ बुझाउन लगेछ र माछा मार्दाको कहानी सुनाएछ । बाबुनानी हरू दरबारमा हुर्किएर यौवन कालमा पुगेछन् । उनीहरूको जातभात केही थाहा नभएकोले कुटुम्ब फेला परेनछन् र उनीहरू दुबैको एकअर्कासँग बिहे भएछ फेरि उनीहरूका पनि ७ छोरा र ७ छोरी भएछन् ।

अब ती ७ छोरा र ७ छोरी ठूला भएपछि यिनीहरूको बिहेबारी, जिविकाबारे ती दम्पतीले राजा कहां विन्ति बिसाएछन् । त्यसपछि राजाले तिमीहरूका ७ छोरा उत्तरको ढोकाबाट र ७ छोरी दक्षिणको ढोकाबाट छोडिदिनु जता जान्छन्, जाउन् भन्ने हुकुम गरेछन् । त्यसपछि ७ छोरा उत्तरको ढोकाबाट र ७ छोरी दक्षिणको ढोकाबाट छोडिएछन् । यसरी उत्तरको ढोकाबाट छोडिएकामध्ये २ छोराहरू कोचे र मेचे आसामतर्फ लागेछन् । बाँकी ५ छोराहरूमध्ये एउटा छोरा झाँक्री भएर

पश्चिमतर्फ लागेछन् । बाकी ४ मध्ये अरु २ छोराहरू भक्तपुर सुनकोशी र तमोरको तिरैतिर बस्ती बसालेछन्, उनीहरूलाई अहिले सुनुवार भनिन्छ । एउटा छोरा भने आफ्नी श्रीमती सहित तामाकोशीको तिरैतिर गएर सुस्पाको राङराङथलीमा बसोबास गरेछन् । भनिन्छ उनीहरू यापती र सुनारी थिए । दोलखाको सुस्पामा बस्दा रहँदा उनीहरूका पनि ७ छोरा र ८ छोरी भए । त्यो समयमा दोलखामा दोलखे राजा थिए । उनी खोलामा माछा मार्न, पौडी खेल्न जाँदा आगोको कोइला, चिरुवा दाउरा बगाएर ल्याएछ । त्यतिबेलासम्म दोलखे राजालाई लाग्थ्यो त्यसभन्दा माथि मानव वस्ती छैन, जंगलै जंगल छ तर त्यसदिन त्यसभन्दा मीथ मानवहरू बसेको संकेत देखेपछि उनले पुलिसहरू पठाएछन्,र पुलिसहरूले यापतीलाई पकडेर लगेछन्। उता सोनारी भने दिनदिन कहिले कालिज कैले मृग मारेर आफ्नो श्रीमान लिन जाँदा पनि राजाले दिएनछन्, अन्तमा उनले आफ्नो कपालबाट सुनको मृग झारेर राजालाई चित्त बुझाएर यापतिलाई फिर्ता ल्याइछन् । त्यसपछि उनीहरूले

छोराछोरीहरूलाई सुस्पा बाट यताउति पठाए छन् उनैका छोरानाति लापिलाङ आलम्पु, जीरी, सुरी बाबरेतिर छरिएर आफ्नो गुजारा चलाएछन् ।

**स्रोतव्यक्ति :** मयीराम थामी

**उमेर :** ५४ वर्ष

**ठेगाना :** कालिञ्चोक-५, दोलखा

## ३.९ सुनखानी

उहिले शिवाकोटीका पुर्खा राजा अकबरको राज्यमा बस्थे । राजा अकबर मुसलमान हुनाले उनले हिन्दुका अविवाहित छोरीहरू सबैलाई आफ्नो दरबारका कमारा कमारी राख्ने, भित्रिनी बनाउन पाउने अधिकार थियो । यसले ब्राह्मणहरूको जातीय अस्तित्व सङ्कटमा पऱ्यो । ऐले पो जातको उस्तो औचित्य छैन उबेला जातको बढो महत्त्व थियो त्यसैले शिवाकोटीका पुर्खा गणेश पाध्ये अकबरको राज्यबाट भागेर कुमाउगढ हुँदै हालको सुनखानीसम्म आइपुगे । त्यहाँ आउदा शिवाकोटिका पुर्खा गणेशले साथमा घण्टी ल्याएका थिए । उताको राज्यमा कालीनागको पूजा गर्ने हुनाले घण्टीमा मन्त्रेर नाग ल्याएका थिए । उनले नागको निम्ति एउटा सानो ठाउँ खटाएर घण्टी राखे । भोलिपल्ट हेर्दा त त्यस घण्टीलाई ठूलो कालीनागले बेरेर राखेको थियो । उनले त्यसै ठाउँमा कालिनागको मन्दिर बनाए । उनले कालिनागको दैनिक पूजा गर्थे ।

हरेकदिन पूजा सकिनासाथ कालिनागले आएर पुच्छरले एकतोला सुन दिएर जान्थ्यो । यसरी हरेक दिन एकतोला सुन प्राप्त हुने हुनाले उक्त ठाउँलाई सुनखानी भन्न थालियो । यसरी नागको पूजा हुने र सुन प्राप्त हुने क्रम चलिरह्यो । धेरै पुस्तापछि पूजा गर्ने क्रममा एकदिन ती पूजारी बुबा अपर्झट कतै जानुपर्ने भएछ । उनले छोरालाई  पूजाको विधिविधान बताए र भने पूजा सकेपछि नागले एकतोला सुन दिन्छ पुच्छरले त्यो सुन खड्गले यतिसम्म मात्रै काट्नु त्यहाँ भन्दा बढी वा घटि नकाट्नु भनेर अह्राए र उनी आफ्नो काममा गए । यसरी बुबा आफ्नो काममा गइसकेपछि छोराले पूजा गरे, नाग आएर सुन दिन ठिक्क परे । सुनौलो सर्प र लामा सुनको पुच्छर देखेर उनको मन लोभले घेरियो । उबेलाको अभावको समय बुबाको आँखा छलेर अलि बढी लिन पाए राम्रो लाउन मिठो खान पाइन्थ्यो भनेर अलि बढि नै काटे र सर्प हतारहतार फर्किएर उनलाई डसेर माऱ्यो । राती बुबा घर फर्किदा त छोरो मरिराखेको ।

काजक्रिया सकिएपछि पूजा सक्दा पनि कालिनाग देखा परेनन् र उनलाई चिन्ता पऱ्यो । उनी दिनभर निराश भइरहे । सपनामा ती नागले भनेछन् तेरो छोरो मरेको तुस तलाई मर्दैन मेरो पुच्छर काटिएको तुस मलाई मर्दैन त्यसैले आजदेखि म देखा पर्दिन । त्यसैले उक्त कालिनागको थानमा आक्कलझुक्कल नाग देखा परेपनि पूजा पश्चात सदैव नाग देखिने र सुन दिने चलन बन्द भयो । सोही कालीनाग नै आज पनि शिवाकोटीका कुलदेवता हुन् । दोलखाको कालिञ्चोक गाउँपालिकाको पालिका कार्यालय नजिकै अवस्थित कालीनागको भव्य मन्दिरमा पूजारीसहित नित्य पूजा हुने गर्दछ भने नागपञ्चमीका दिन ठूलो मेला लाग्ने गर्छ ।

**स्रोतव्यक्ति :** डिल्लीनाथ शिवाकोटी

**उमेर :** ८८ वर्ष

**ठेगाना :** कालिञ्चोक-६, दोलखा

## ३.१० वनझाँक्रीको कथा

यो हामी सानै हुँदाकै कुरा हो । त्यस्तै ६०/७० वर्ष अगाडि उतिबेला गोठमा सुत्ने चलन थियो । हामी पनि बाउहरूसँग गोठमा सुत्न जान्थ्यौं । बाउहरूले गोठमा भूतको वनझाँक्रिको कथा धेरै सुनाउँथे । एक दिन के काम परेर बाउहरू कतै गए हामी ५/७ घरका गोठहरू तल सिमखेतमा थिए । बाउहरू कतै जाँदा हामी १२/१३ वर्षका ठिटाहरूको काम थियो गोठ रुङ्ने । बाउहरू जाँदा हामीलाई भने राती १२ बजेतिर वनझाँक्री सुनको ढ्याङ्ग्रो ठटाउँदै यै खोलैखोला आउछ र खोलैखोला उभो जान्छ, तिमोरु नडराइकन सुत्नु ।

बाउहरू गएपछि हामी ठिटाहरू जम्मा भयौं र सल्लाह गऱ्यौं आज राती नसुती वनझाँक्रीलाई कुरौं र उसको सुनको ढ्याङ्ग्रो खोसौं र त्यो बेचेर आएको पैसाले चप्पल, लुगा किनौं । सबैले हो मा हो गरी छिटोछिटो डीलमा ढुंगा थुपाऱ्यौं सबैले सल्लाह गऱ्यौं कि हामीभन्दा दुई कान्ला तल आउँदा ढुंगा कसले हान्ने, ढ्याङ्ग्रो कसले खोस्ने भनेर। घडी हातमा थिएन ।

कुर्दाकुर्दा निकै रात गयो । घडी थिएन, त्यस्तै एघार साँढे एघार बजेको हुँदो हो । वनझाँक्री तलबाट ढ्याङ्ग्रो बजाउँदै हल्का नाच्दै उकालो लाग्यो । हामी जिरिङ्ग भयौं । एकातिर वनझाँक्री आउन लागेको खुसी थियो भने अर्कोतिर बनझाँक्रीको डर, उसो त बाउहरूले फलनालाई वनझाँक्रीले लगेको भनेर सुनाईरहन्थे र त्यसैले हामी अझ सजग भएर बस्यौं र उसलाई कुर्न थाल्यौं । ऊ हल्का पारामा नाच्दै उकालो लाग्दै थियो । ऊ जति नजीक आयो हामी उति उत्साहित भयौं । ऊ हामीभन्दा तीन कान्ला तल आएर नाच्न थाल्यो । ऊ कस्तो थियो भने लामो कपाल भएको जीउभरी सेतो रौं भएको घाँटीमा के को हो लामो माला लगाएको तर लुगा नलाएको हाम्रो आँखा भने सुनको ढ्याङ्ग्रो खोज्न थाले । ट्याम्को जस्तो बज्ने ढ्याङ्ग्रो सानो पींध भएको थालको पींधजत्रो थियो तर बजाउने कुरा नङले च्यापेको थियो त्यो स्पष्ट थिएन, तर मान्छे भनौं मान्छे होइन, बँदर भनौं बाँदर जस्तो पनि थिएन, मुट्ठीमा अब हामीले ढुंगा दह्रो पारेर कसेका थियौं किनकि सल्लाह बमोजिम एक कान्ला उक्लिनासाथ हामी उसलाई हिर्काउने थियौं तर अचम्म भयो । ऊ त एकाएक अलप भयो र एक छिनपछि ४ कान्ला माथि उक्लिएर फेरि ढ्याङ्ग्रो बजाउँदै नाच्दै माथि जान थाल्यो । हामी आश्चर्यमा पऱ्यौं र मुठीका ढुंगाहरू आफै भुइमा खसे ।

हामीले अब वनझाँक्रीको बाटो नकुर्ने प्रण गर्दै गोठ गएर सुत्यौं ।

**स्रोतव्यक्ति :** कमलाप्रसाद घिमिरे

**उमेर :** ७५ वर्ष

**ठेगाना :** कालिञ्चोक-४, दोलखा

# चौथो परिच्छेद

## कालिञ्चोक क्षेत्रमा प्रचलित लोककथाको वर्गीकरण र विश्लेषण

दोलखा जिल्लाको कालिञ्चोक क्षेत्र भन्नाले सुनखानी, लापिलाङ, लामिडाँडा, गुमु, बिस्मुरे, सिस्नेरी, बाबरे, सिंगटीको सेरोफेरोलाई बुझिन्छ । यस अध्ययनपत्र तयार पार्दासम्म कालिञ्चोक क्षेत्रमा लोकसाहित्य अध्ययन अनुसन्धानको कुनै पनि प्रयास भएको पाइएको छैन ।

यहाँ कालिञ्चोक क्षेत्रमा प्रचलित दशवटा लोककथाहरूको तत्त्वगत विश्लेषण गरिएको छ । लोककथा नेपाली लोकसाहित्यको महत्त्वपूर्ण अंग हो । त्यसैले यिनीहरूको संरक्षण र सम्वर्द्धन अत्यन्त जरुरी हुन्छ । लोककथाले लोकको जनजीवन, आस्था र जीवन शैली टपक्क टिपेर कथामा उन्ने भएकाले ठाउँ अनुसार लोककथाहरू फरक हुन्छन्। ।

यहाँ कालिञ्चोक क्षेत्रमा प्रचलित प्रमुख लोक कथाहरूलाई अध्ययन, वर्गीकरण र विश्लेषण गरिएको छ । लोककथाहरू लोकले जीवन डोऱ्याउँदै र जिउँदै जाँदा जीवनबाट सिकेका पाठ पत्ता लगाएको सत्यलाई छोटा र रमाइलो पाराले श्रृंखलाबद्ध रूपले सुनाउँदै गर्दा जन्म भएका हुन, जसलाई आधुनिक कथाको जनक पनि भन्न सकिन्छ । कथ्यबाटै सम्प्रेषण भए पनि जीवनकै सत्यलाई टिपेर कुनै पनि शास्त्रीय नीति नियमले नबाँधिए पनि लोककथामा विभिन्न तत्त्वहरूको संयोजन भने भएको हुन्छ । लोककथा समय, स्थान, परिस्थिति, वक्ता र श्रोताको रुची र चाहना अनुरूप परिवर्तन भई रहने एउटा अलग्गै मूल्य र मान्यता बोकेको गतिशील साहित्य हो । त्यसै गरेर यस शोधपत्र तयार पार्ने सन्दर्भमा पनि कालिञ्चोक क्षेत्रमा बसोवास गर्ने मानिसहरूको रहनसहन, भेषभुषा, रीतिरिवाज, चालचलन, सामाजिक, सांस्कृतिक परिवेश आदि कुराहरूराई मध्यनजर राख्दै त्यस क्षेत्रमा बसोबास गर्ने आदरणीय व्यक्तित्वहरूबाट जे सुनियो त्यसैलाई टपक्क टिपेर नेपाली लोकसाहित्य त्यसमा पनि रोचक र सान्दर्भिक पक्ष मानिने लोककथाको झलक प्रस्तुत गरेर यस क्षेत्रको पहिचान गराउन खोजिएको छ ।

यहाँ दोलखा जिल्लाको कालिञ्चोक क्षेत्रको सेरोफेरोमा बसोबास गर्ने मानिसहरूका माझमा प्रचलित नेपाली लोककथाहरूको वर्गीकरण गर्ने प्रयास गरिएको छ ।

### ४.१ कालिञ्चोक क्षेत्रमा प्रचलित लोककथाको वर्गीकरण

नेपाली लोककथाको वर्गीकरणको सन्दर्भमा तुलसी दिवसको वर्गीकरणले नै नेपाली लोककथाहरूलाई धेरै मात्रामा समेटेको हुनाले उनैको वर्गीकरणका आधारमा दोलखा जिल्लाको कालिञ्चोक क्षेत्रमा प्रचलित लोककथाहरूलाई वर्गीकरण गरिएको छ (दिवस, २०७७, पृ. २८,२९) ।

(१) सांस्कृतिक ऐतिहासिक लोककथाहरू,

(२) अर्तीउपदेशका लोककथाहरू,

(३) पशुपक्षीका लोककथाहरू,

(४) मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरू,

(५) अतिमानवीय रूपका लोककथाहरू,

(६) दैवी लोककथाहरू,

(७) फलफलका लोककथाहरू,

(८) धार्मिक लोककथाहरू,

(९) साहस तथा बहादुरीका कथा,

(१०) विविध लोककथाहरू

कालिञ्चोक क्षेत्रमा प्रचलित लोककथा हरूलाई साहित्यकार तुलसी दिवसका अनुसार वर्णन गर्दा,

(१) सांस्कृतिक ऐतिहासिक लोककथाहरू अन्तर्गत 'गोल्मा राजाको कथा', 'थामीको उत्पतिको कथा', र 'सुनखानी' पर्दछन् ।

(२) धार्मिक लोककथाहरू अन्तर्गत 'कालिञ्चोकको उत्पत्तिको कथा', 'गुमुबेँशी कालिकाको कथा' पर्दछन् ।

(३) मानवका विशेष स्वभाव र प्रकृतिका कथा अन्तर्गत 'चतुर बुढो' पर्दछ ।

(४) अतिमानवीय कथा अन्तर्गत 'बनझाक्रीको कथा', 'औसानीको मन्त्रको कथा', 'खोटोको धूपको कथा' र 'तन्त्रविद्या' पर्दछन् ।

यसरी कालिञ्चोक क्षेत्रका लोककथाहरूलाई वर्गीकरण गरिएको छ ।

## ४.२ कालिञ्चोक क्षेत्रमा प्रचलित लोककथाको विश्लेषण

यस शोधपत्रमा संकलित लोककथाहरूमा आधारभूत तत्त्वहरूको उपस्थिति पाइन्छ । यस शोधपत्रमा प्रस्तुत लोक कथाहरूलाई तत्त्वगत आधारमा वर्गीकरण र विश्लेषण गरिएको छ । यी तत्त्वहरूमा कथानक, पात्र वा चरित्रचित्रण, भाषाशैली, परिवेश, दृष्टिबिन्दु र उद्देश्यको आधारमा विश्लेषण गरिएको छ ।

### ४.२.१ औसानीको मन्त्रको कथा

प्रस्तुत औसानीको मन्त्रको कथा भूतप्रेतको अस्तित्वको कथा हो । पहिला मन्त्रको समय थियो तर अहिले यन्त्रको समय छ । पहिला मन्त्र अति शक्तिशाली र ताकतशाली हुन्थ्यो भन्ने प्रमाण हो यो कथा । यो कथा घटेको चार पुस्ता मात्रै भयो त्यसैले कालिञ्चोक

गाउँपालिकाका बासिन्दाहरूमा व्यापक रूपमा प्रचलित छ भने अझ ब्राह्मणवर्गहरूमा यो कथाको प्रभाव निकै छ किनभने मन्त्रलाई मन्त्रिने, पढ्ने र अरुलाई सुनाउने काम ब्राह्मणहरूकै छ ।

### ४.२.१.१ कथानक

बुलुङका अचार्ज ब्राह्मण सामान लिन चरिकोट गएबाट कथाको प्रारम्भ हुन्छ । त्यो समयमा मोटरबाटोको विकास नहुनुले पैदलयात्रा नै गरेर चरिकोट सम्म पुग्नुपर्ने र सरकारी कामकाज गर्न पनि चरिकोट नै पुग्नुपर्थ्यो । एक पन्थ दो काज भनेझैँ प्रशासनिक काम उहीँ चरिकोटमै हुने भएकोले जाँदा घरमा आवश्यक नुन तेल पनि उही बेला ल्याइन्थ्यो । पैदल गएर पैदलै फर्कन एक दिनमै फटाफट हिड्ने मान्छेलाई पनि धौ धौ पर्थ्यो । अझ प्रशासनिक काममा अल्झिनु पऱ्यो भने रात अबेर भइहाल्थ्यो । उनी फर्किदा रात पर्नु ,जंगलको बाटो डरडर पनि लाग्नुले कथामा संघर्ष विकास हुन्छ भने जब ती ब्राह्मण पीखुती खोला तरेर देखिएको ठूलो भोजमा पुगेर खाना खान लाग्दा औसानी हाल्छन् त त्यत्रो सबै भोजभतेर गायब हुन्छ, यति नै बेला कथानक चरमोत्कर्षमा पुग्छ भने त्यसपछि कथानक बिस्तारै ओरालो लाग्छ । यसरी कथाका अंगहरूलाई क्रमबद्ध गरी अगाडि बढाइएको हुनाले यस कथा रैखिक ढाँचामा छ भन्न सकिन्छ ।

### ४.२.१.२ पात्र वा चरित्रचित्रण

कथालाई सुरु गर्ने, उर्जा प्रदान गर्ने, अघि बढाउने र कार्यव्यापार गर्ने काम पात्रले नै गरेका हुन्छन् । यस कथाका प्रमुख पात्र अचार्ज ब्राह्मण हुन र उनकै सेरोफेरोमा कथा सुरुदेखि अन्तसम्म फैलिएकोले मुख्य पात्र अचार्ज ब्राह्मण पुलिङ्ग र गतिशील पात्र हुन । थोरै पात्रको सेरोफेरोमा घुमेको यस कथामा अन्य पात्रको रूपमा भोजमा देखिएका ब्राह्मणहरू र अरु मान्छेहरू नै हुन । उनीहरू यस कथाका सहायक पात्र मान्न सकिन्छ भने प्रशासनिक कार्यालयका कर्मचारीहरू यस कथाका गौण पात्र हुन । ब्राह्मण र भोजमा देखिएका ब्राह्मण र अन्य व्यक्तिहरू मञ्चीय र बद्ध पात्र हुन किनकि उनीहरूको उपस्थितिबिना कथानक अधुरै रहन्छ । प्रस्तुत कथाका प्रमुख पात्र अचार्ज ब्राह्मण आञ्चलिक पात्र हुन किनकी उनले यस कालिञ्चोक क्षेत्रका ब्राह्मणहरू को प्रतिनिधित्व गरेका छन् ।

### ४.२.१.३ भाषाशैली

यस कथा सरल, सरस र सुबोधपूर्ण शैलीमा कहिएको हुँदा औसानीको मन्त्रको कथाको भाषाशैली सरल र सुबोध रहेको छ । कथामा डरलाग्दो र भयानक स्थितिको चित्रण गरिएको हुँदा कथामा भयानक रसको उपस्थिति पाइन्छ ।

### ४.२.१.४ परिवेश

प्रस्तुत औसानीको मन्त्रको कथा दोलखा जिल्लाको बुलुङ, सिङ्गटी, पीखुती, रामपा हुँदै चरिकोटसम्म घटेको छ । उक्त घटना बिहानदेखि कथानक सुरु भए पनि मुख्य घटना

भने रातको १२ बजेको आसपासमा घटेको हुनाले परिवेश अलिकति भयानक र डरलाग्दो देखिन्छ । पीखुति खोला तरेपछि भूत प्रेतको भोजभतेरमा रमाइलो वातावरण सुरुमा देखिए पनि पछि जब औसानीको मन्त्रको उच्चारणले गर्दा भूत प्रेतहरू सबै भागेर हाडको टुक्रा देखिन्छ तब कथानकले सबैमा आङ जिरिङजिरिङ गर्ने भयानक परिस्थितिको सिर्जना गरेको छ ।

### ४.२.१.५ उद्देश्य

प्रस्तुत औसानीको मन्त्रको कथाको उद्देश्य उसबेला भूत प्रेतको अस्तित्व थियो र भूत प्रेतको अस्तित्व कथामा अथवा किंबदन्तीमा मात्र नभई साँच्चिकै थियो र कसरी मानिसको ज्यानसम्म लिन सक्छ भन्ने उद्देश्य यस कथामा प्रस्तुत गरिएको छ । अर्कातिर रातबिरात एक्ला एक्लै बस्नु हुँदैन कि त साथीको भरमा बस्नुपर्छ अथवा समयमा बास बस्नुपर्छ भन्ने पनि अर्को उद्देश्य रहेको छ ।

## ४.२.२ कालिञ्चोकको उत्पतिको कथा

कालिञ्चोक गाउँपालिकाको नामाकरण नै यस स्थलको पवित्र तीर्थस्थल कालिञ्चोक भगवतीको उपस्थितिबाट भएको देखिन्छ भने यिनै कालिञ्चोक भगवतीको उत्पतिको कथा नै कालिञ्चोक भगवतीको कथा हो । कथानक महादेव र गौरीको रमणीय स्थान र शिव गौरीको बासस्थान गौरीशंकर पर्वतबाट सुरु भएको छ जुन नेपालको प्रामाणिक समयको आधार पनि हो ।

### ४.२.२.१ कथानक

शिव र पार्वती रमाएर क्रिडा गरेर कैलाशमै बसेपछि स्वर्गका देवताहरूलाई चिन्ता पर्छ । देवताहरूले पार्वतीलाई काली भन्नु भन्ने सल्लाह दिनु र महादेवले पार्वतीलाइ काली भनेसंगै कथाको क्रमिक विकास भएको छ भने पार्वती रिसाएर शिवले तपस्या गर भनेपछि कालन्धर पर्वतमा पुग्दा कथा चरमोत्कर्षमा पुग्छ । काल्पनिक भए पनि कताकता कथानकले कथाको सत्यता उजागर गरेको छ जस्तो लाग्दछ । यसरी काली पार्वतीले तपस्या गरेको स्थान भएकैले उक्त स्थानको नाम कालिञ्चोक रहनु पनि सान्दर्भिक देखिन्छ । यस कथाको कथानकले सास्कृतिक तथा  अध्यात्मिक महत्त्व बोकेको छ भने कथानक रैखिक ढाँचामा अघि बढेको छ । कैलाश पर्वतकी गौरी कालन्धर पर्वत गएर तपस्या गर्नु यस कथाको मुख्य कथा हो भने शिव कैलासमा एक्लै बस्न नसकेर भैरव रूप भएर दोलखामा आएर तपस्या गर्नु, पार्वतीले तपस्यारत अवस्थामा शुम्भ निशुम्भ गरेका नाम गरेका दैत्य हरूको वध गर्नु र ती खड्गहरू टुट्वानको थुम्कीमा बिसाउनु, सपनामा सिवाकोटी र दोलखे  राजाले पाएको देवीको निर्देशनअनुसार खड्गहरू घरमा लगेर पुज्नु यस कथाका सहायक कथानक हुन् । यसका सहायक कथानकले मुख्य कथालाई सहयोग गरेका छन् भने कालीको शक्तिलाई उजागर पनि गरेका छन् ।

### ४.२.२.२ पात्र वा चरित्रचित्रण

यस कथाको मुख्य पात्र मानवेत्तर पात्र देवी पार्वती रहेकी छिन् । उनकै सेरोफेरोमा सम्पूर्ण कथा घुमेको छ र अघि बढेको छ । मानवेत्तर प्राणी अथवा देवता भए पनि पार्वतीलाई मानवीकिकरण गर्न खोजिएको छ पार्वती सुरुमा शान्त र रमाइली भए पनि काली बनेपछि रिसाइन र तपस्या गर्न हिडिन । त्यसैले उनी गतिशील र अनुकुल पात्र हुन् त्यस्तै शिवशंकर यस कथाका सहायक पात्र हुन् भने देवताहरू, सुम्भ र निशुम्भ ,दोलखे राजा, शिवाकोटी यस कथाका अरु सहायक पात्र हुन ।

### ४.२.२.३ भाषाशैली

प्रस्तुत कालिञ्चोकको उत्पत्तिको कथा उक्त स्थानको स्थानीय पण्डितबाट नै कहिएको हुँदा यस कथाको भाषाशैली क्लिष्ट र प्रष्ट रहेको छ । यस कथामा पार्वतीको वीरताको वर्णनले कथा रसमय बनेको छ ।

### ४.२.२.४ परिवेश

कथामा शिवगौरीको क्रीडाले सुरुवातको वातावरण आनन्ददायक भए पनि शिवले काली भन्नू गोरी पार्वती काली बन्नु र पार्वती रिसाउनुले वातावरण अलि खल्लो बन्छ । शिवकै तपस्या गर भन्ने सुझावले पार्वती कालन्धर पर्वतमा हिउँले ढाकेको ठाउँमा तपस्या गर्नुले हिमालयमा गएर तपस्या गर्ने योगीहरूको परम्परा पार्वतीले पनि अनुशरण गरेकी छिन भने तपस्यारत अवस्थामा शुम्भ निशुम्भ नाम गरेका दैत्यलाई मारेकाले साहसपूर्ण वातावरण पनि देखिन्छ । पार्वतीको हिम्मतले गर्दा महिलाहरू पनि पुरूषभन्दा कम छैनन् भने परिवेश पनि यस कथामा पाइन्छ र अन्तमा पार्वती सुन्द्रावती नदीमा नुहाएर काली पार्वती गोरी भएर कैलाश तर्फ लागेकाले अन्तमा सुखद परिवेश छ ।

### ४.२.२.५ उद्देश्य

यस कथाको पहिलो प्रमुख उद्देश्य कैलाश जुन शिवपार्वतीको निवासस्थान छ यो पूज्य छ र शिव पार्वती देवताहरूका पनि पूजनीय छन् भन्ने बुझिन्छ भने अर्कोतिर बुद्धिमान व्यक्तिले रसरङ्गमा मात्र मन दिएर हुँदैन आफ्ना सबै कर्तव्यहरू पालना गर्नुपर्दछ भने पनि भन्ने पनि हो । यससँगै आफू सुन्दर भएको सबैलाई राम्रो लाग्छ र सुन्दरता हराउदा मानव रिसाउछ भने सुन्दरताको प्राप्तिको निम्ति मानिस कठोर तपस्या पनि गर्नसक्छ भन्ने हो । यससँगै साधनारत र तपस्यारत व्यक्तिले साधना गरेका ठाउँहरू सबैका लागि र सधैंका लागि पूजनीय हुन्छ भन्ने हो ।

### ४.२.३ खोटोको धुपको कथा

खोटोको धुपको कथा कालिञ्चोक गाउँपालिकाको माथिल्लो भेगका क्षेत्रहरू जहाँ हिँउद र वर्षामा गोठ सार्ने चलन थियो र अलिअलि अझै पनि छ त्यहीँ को कथा हो ।

कथाको विश्लेषण गर्दा कुनै समयमा घटेको सत्य घटना हो कि भन्ने प्रतीत हुन्छ । प्रायः माथिल्लो भेगका शेर्पा तामाङ्ग थामीहरूमा यो कथा प्रचलित छ ।

### ४.२.३.१ कथानक

यस कथाको कथानक लेकमा गोठ सारेको बेलामा याँटेले दुःख दिएपछि सुरु हुन्छ । गोठमा भएको दहीदूध, सामलतुमल, अन्न र पाकेको खानेकुरा पनि याँटेले खाएपछि गोठालाहरू र उनका परिवारलाई पनि धेरै दुःख दिएपछि एउटा चतुर गोठालोले जुक्तिबुद्धि लगाएछ । याँटेले मान्छेले जे गऱ्यो त्यहि गर्ने र मान्छेले जे खायो त्यही खाने भएकाले उसले दिनभरि गएर जंगलमा सल्लाको खोटो जम्मा गर्नुले कथालाई संघर्षमा पुऱ्याउँछ । जब त्यो खोटो दलेर याँटेले आगो ताप्छ तब उसको जिउमा आगो लागेर याँटे सुइकुच्चा रोकेपछि कथा चरमोत्कर्षमा पुग्छ भने जब याँटे भागेपछि कथा बिस्तारै उपसंहारतर्फ अघि बढ्छ । दिनदेखि जहाँ खोटोको धूप बसाउँछ त्यहाँ याँटेले हेर्दा पनि हेर्दैन भन्ने चलन आजसम्म पनि रहनुले र अचेल पनि गोठालाहरू लेकमा गोठ सार्दा आफूसँगै अलिकति खोटो लगेर बिहान-बिहान खोटोको धूप हाल्ने चलनले कुनै बेलाको सत्य घटना हो भन्ने अनुमान हुन्छ । यसरी सरल र रैखिक ढाँचामा अघि बढेको कथानक यस कथामा पाइन्छ । कथामा सुरुदेखि कौतुहलता पाइन्छ भने कथा अघि बढ्दै जाँदा जिज्ञासा बढ्दै जान्छ । अन्तमा गोठालोको जुक्तिबुद्धिले गर्दा कथा सुखान्त छ ।

### ४.२.३.२ पात्र वा चरित्रचित्रण

यस कथाको मुख्य पात्र मानवेत्तर प्राणी याँटे हो । याँटे यस भेगमा वनझाँक्रीको श्रीमतीको रूपमा प्रचलित छ तर उसलाई स्त्रीलिङ्गी शब्दले भने वर्णन गरिएको छैन । मानवेत्तर प्राणी याँटे नै प्रमुख पात्र हो भने आफ्नो खाना गीठा, भ्याकुर, खोज्न अल्छी गरेर गोठालाको खानेकुरा र मीठोमीठो दूध र दही भातमा पल्केको याँटे यस कथाको प्रतिकुल पात्र हो । ऊ बिना कथा अधुरो रहने भएकाले याँटे मञ्चीय र बद्ध पात्र हो भने गोठालो यस कथाको  प्रमुख सहायक पात्र हो । कथालाई गति दिने  भएकाले ऊ गतिशील मञ्चीय र बद्ध पात्र हो । चतुरता र बुद्धिको प्रयोग गरेकाले सबै गोठालाहरूको रक्षा गर्ने अनकुल पात्र हो गोठालो । याँटे र गोठालो दुवै आंचलिक पात्र हुन । थोरै पात्र वा चरित्रको विकास भएर पनि खोटोको धूपको कथामा पूर्णता छ र उपस्थिति पात्रहरूले राम्रो कार्यव्यापार प्रस्तुत गरेका छन् ।

### ४.२.३.३ परिवेश

प्रस्तुत खोटोको धुपको कथा दोलखा जिल्लाको उत्तरी हिमाली भेगमा घटेको हो जहाँ चौंरी, गाईगोठ, खर्कहरू प्रशस्त राखिन्छ । यस कथाको परिवेश गर्मी बढेसँगै गोठालाहरूले लेखमा आफ्नो गोठ सार्ने क्रम भेटिन्छ भने त्यसै क्रममा त्यही लेखमा बस्ने याँटेले उनीहरूलाई दुःख दिएको, सताएको दुःखद परिस्थितिको चित्रण सुरुमा गरिएको छ

भने पछि कुनै एक गोठालाको जुक्ति बुद्धि र चतुरताले गर्दा सम्पूर्ण गोठालाहरूको दुःखको नाश भएकोले सुरुमा दुःखमय बनेको कथा पनि अन्तिममा सुखद र सुखमय बनेर टुङ्गिएको छ ।

### ४.२.३.४ भाषाशैली

खोटोको धुपको कथा कालिञ्चोकको हिमाली क्षेत्रमा बस्ने बस्ने वक्ताहरूद्वारा कहिएको हुँदा यस कथाको भाषाशैली दोलखा जिल्लामा बोलिने बोलीचालीकै भाषा रहेको छ । सरल, सुबोध र रसमय भाषाशैलीमा यस कथा कहिएको छ ।

### ४.२.३.५ उद्देश्य

प्रस्तुत खोटोको धुपको कथाको उद्देश्य पहिलेको गोठ, खर्क सार्ने चलनलाई अहिलेको पुस्ता समक्ष पुऱ्याउनु र खर्क, गोठमा बस्दा गोठालाहरूले कति दुःख पाउँथे भनी दुःखको उजागर गर्नु पनि हो । यस सँगसँगै दुःखको बेलामा एउटा एउटा चतुर व्यक्तिको सानो जुक्ति बुद्धिले गर्दा दुःख पाएका धेरै व्यक्तिहरूको उद्धार भयो भन्ने उद्देश्य कथामा पाइन्छ । त्यसैले दुःखको बेलामा रिसले, बलले नभई जुक्तिले काम लिनुपर्छ भन्ने उद्देश्य यस कथामा पाइन्छ ।

## ४.२.४ गुमुबेसी कालिकाको उत्पत्तिको कथा

कालिञ्चोक गाउँपालिकाको वडा नम्बर ९ मा अवस्थित गुमुबेसी कालिकालाई कालिञ्चोककी साँहिली बहिनीको रूपमा पुजिन्छ । कालिञ्चोकका ५ दिदीबहिनीहरूमध्ये साँहिली बहिनीको रूपमा १२ औं शताब्दीदेखि पुजिदै आएको किंबदन्ती छ भने १५ औं शताब्दीदेखिका प्रामाणिक तथ्यहरू अहिले पनि फेला परेका छन् । सामाजिक सांस्कृतिक कथामा गुमुबेसी कालिकाको कथा पनि मुख्य रहेको छ ।

### ४.२.४.१ कथानक

अमरा नाम गरेका व्यक्तिलाई ३०० मुरी बिउ जाने बारी दान गर्न मन लाग्नुबाट यस कथाको कथानक प्रारम्भ हुन्छ । देवी सपनामा आउनु र आफूलाई त्यहाँ आउन मन लागेको कुरा बताउँदै आगोको ज्वाला निस्केको ठाउँमा आफू रहेको बताउनु र त्यहाँ पुग्दा आगोको ज्वाला आकारको शिला भेटेर ल्याउनुले कथानक चरमोत्कर्षमा पुग्छ भने त्यसपछिको कथा बिस्तारै उपसंहारतर्फ ओरालो लाग्छ । त्यसपछि बाजागाजासहित गुमुबेशी ल्याएर स्थापना गरेकी देवीले हालसम्म बालीनाली, गोठ बस्तुभाउ र जनताको रक्षा गरेकोमा कथानक टुंगिएको छ ।

### ४.२.४.२ पात्र वा चरित्रचित्रण

यस कथाका मुख्य पात्र गुमुबेसी कालिका हुन जुन अलौकिक पात्र हुन । अलौकिक भएर पनि कथालाई गति दिने पात्र हुन भने यस कथाका प्रमुख सहायक पात्र अमरा हुन

जसले कालिञ्चोकको थुम्की देखी कालिकालाई ल्याएर गुमुबेशीमा स्थापना गरेर आफ्नो आफ्नो भागमा रहेको तीनसयमुरी बीउ जाने जमिन गुठी भनेर अर्पण गरिदिए । गुमुबेसीमा स्थापना गरेकै हुनाले नै कालीकाको नामै गुमुबेसी रहन गयो । त्यसैले अमरा यस कथाका अनुकूल र गतिशील पात्र हुन भने अरु ब्राह्मणहरू काली लिन गएका सबै जनताहरू पुरोहितहरू गौण पात्र हुन अमरा यस कथाका आञ्चलिक पात्र हुन भने देवी भगवती सार्वभौमिक पात्र हुन ।

#### ४.२.४.३ भाषाशैली

सरल सहज भाषा शैलीको कारणले यो कथा सबैमा बोधगम्य बनेको छ र रसमय भाषाले मानिसको देवीप्रतिको भक्ति समेत प्रगाढ बनाउन सक्षम छ ।

#### ४.२.४.४ परिवेश

कालिञ्चोक र यसको आसपास गुमुबेसी यस कथाका परिवेश हुन । सपनामा विश्वास गर्ने अमराबाट आस्तिक समाजको प्रतिनिधित्व पनि गरेको छ ।

#### ४.२.४.५ उद्देश्य

यस कथाको उद्देश्य यदि व्यक्तिमा पात्रता छ भने परमात्मामा वा शक्तिको दर्शन मिल्छ भन्ने उद्देश्य अमराको पात्रताले पुष्टि गर्दछ भने मानिस आस्तिक हुने हो र देवी वा कालीको पूजा आराधना गर्ने हो भने विपतमा भक्तको रक्षा गर्छिन भन्ने सन्देश महामारीको बेला भएको गुमुबेसीको रक्षाले देखाउँछ ।

### ४.२.५ गोल्मा राजाको कथा

गोल्मा राजाको कथा कालिञ्चोक क्षेत्रमा बहुप्रचलित कथा हो । दोलखा जिल्लामा कालिञ्चोक गाउँपालिका लगायत अरु गाउँपालिकाहरूमा पनि गोल्माको थान पुज्ने चलन छ तर गोल्मा राजा सबै गाउँपालिकाका एकै थिए वा फरक फरक गोल्मा राजा थिए भन्ने कुरा इतिहासको गर्भमा नै लुकेको छ । तर हाल कालिञ्चोक गाउँपालिका का सबै वडाहरूलाई समेटेर एउटा गोल्मा राजाले राज्य गरेको देखिन्छ । कालिञ्चोक गाउँका सबै वडाहरूमा यो कथा प्रचलित छ ।

#### ४.२.५.१ कथानक

कथा उहिलेको गोल्मा राजाको राज्यबाट सुरु हुन्छ । उतिबेला अहिलेको कालिञ्चोक क्षेत्र विकसित थियो अन्न पनि प्रशस्त थियो पशुपालन राम्रो थियो भन्नेबाट कथानक सुरु हुन्छ भने त्यस ठाउँमा भएको नागले दिएको दुःख, जोगीको आगमन हुँदै कथा सररर अगाडि बढ्दछ । जब जोगीले राजाको छोरीसँग बिहे गर्ने सर्तमा त्यस पोखरीका नागलाई चार टुक्रा पारेर डाँडा कटाउँछन् तब कथानक आफ्नो उत्कर्षमा पुग्छ भने त्यसपछि जोगी मारिनु र गोल्मा राजाको र राज्यको पतन हुनु सँगसँगै कथाको अन्त्य हुन्छ । यो कथाको

तिथिमिती फेला पार्न नसके पनि ऐतिहासिक कथावस्तु हो किनकि गोल्मा राजाको दरबार स्थानमा आज पनि तामाङहरूले उनको पूजा लगाइ नै रहेका छन् र उनीहरू यस गोल्माको पूजालाई आफ्नो ठूलो पर्वको रूपमा मनाइ नै पनि रहेका छन् । त्यसैले कथाहरू रैखिक ढाँचामा अघि बढेका छन् र ऐतिहासिक तथा साँस्कृतिक विषयवस्तुसँग मिल्दोजुल्दो भएकाले कथा अत्यन्त चाख लाग्दो पनि छ ।

### ४.२.५.२ पात्र वा चरित्रचित्रण

गोल्मा राजाको कथाका प्रमुख पात्र गोल्मा राजा स्वयम हुन भने सहायक पात्र जोगी, सर्प, राजाका छोरी हुन भने गौंण पात्रहरूमा जनता र पशुहरू पर्छन । राजा इमान्दारी वहन गर्न नसक्ने प्रतिकूल पात्र हुन भने अरूको दुःख कष्ट र सहयोग गर्ने जोगी अनुकूल पात्र हुन । यस कथामा गोल्मा राजा आञ्चलिक पात्र हुन भने जोगी सार्वभौमिक पात्र हुन ।

### ४.२.५.३ भाषाशैली

गोल्मा राजाको थान तामाङहरूबाट आजसम्म पुजिदै आएको हुनाले यस कथा तामाङहरूबाट नै भनिनुपर्ने हो तर तामाङहरूले पूजाआजा गर्ने गरेको तर त्यसको इतिहासको बारेमा प्रस्ट जानकारी नभएको हुनाले बाउनक्षेत्रीबाट नै कथाको सङ्कलन गरिनु परेकोले कथामा तामाङ लवज पाइँदैन त्यसैले खस क्षेत्री भाषामा कथानक अघि बढेको छ । नेपाली भाषामा कथावाचक इतिहासका अध्येता र पुराणका वाचक भएका कारणले कथा प्रस्ट नेपाली भाषामा कथिएको हुनाले बोधगम्य र रसमय छ ।

### ४.२.५.४ परिवेश

यस कथामा कालिञ्चोक गाउँपालिकाका सबै वडाहरूको वास्तविक वस्तुस्थिति पाइन्छ । गोल्मा राज्यको सिमाना कति थियो भन्ने स्पष्ट नभएको तर उबेला टुक्रे राज्यको समय थियो भन्ने कुरा पनि गोल्मा राजाबाटको कथा बाट प्रस्ट हुन्छ । जोगीलाई राजाले भीरमा लगेर मार्न लाउनुले राजा नै सर्वोपरि थिए जनताको बोलीको कुनै महत्त्व थिएन भन्ने बुझिन्छ भने राजामा हुनुपर्ने इमान्दारी नभएका कारण देशले भोग्नुपरेको दुर्दशाको पनि स्पष्ट बयान पाइन्छ ।

### ४.२.५.५ उद्देश्य

यहाँ कथाको मुख्य उद्देश्य पानीको स्रोत संरक्षण गर्नुपर्छ, पानी वरिपरि सर्प रहनु स्वभाविक भएकाले उनीहरूलाई मार्नु हुँदैन भन्ने हो । मान्छे जति सुकै ठूलो ओहोदामा भए पनि आफ्नो बोलीको पक्का हुनुपर्छ, राजा नै स्वार्थमा डुबे पछि देशको अधोगति निश्चित छ त्यसैले राजा इमान्दारी र विवेकी हुनुपर्छ भन्ने पनि यस कथाको  सन्देश रहेको छ । यसैगरी साधु वा जोगीको श्राप लाग्छ त्यसैले उनीहरूको चित्त दुखाउनु हुँदैन भन्ने पनि छ । यससँगै राजाले मात्र सबै निर्णयहरू एक्लै नलिई जनता र विवेकी मानिसहरूको सरसल्लाह लिनुपर्छ भन्ने पनि हो ।

### ४.२.६ चतुर बुढो

प्रस्तुत कथा कालिञ्चोक क्षेत्रमा प्रचलित मनोरञ्जनात्मक लोककथा हो । प्रायः गरेर ठूलो स्वरमा ढ्वाइँय गरेर पाद्यो भने मान्छेले यो कथा सम्झिहाल्छन् र सुनाउँछन् । अरु कथा बच्चा र तरुणहरूलाई थाहा नभए पनि यो कथा भने प्रायः सबैलाई थाहा हुन्छ ।

#### ४.२.६.१कथानक

यस कथाको कथावस्तु छोटो तर रमाइलो छ । बूढाबूढीलाई सेल खान मन लाग्नुबाट यस कथाको कथानक सुरु हुन्छ । त्यस समयमा सेल पकाउन न पिठो थियो न दाउरा थियो । बुढाबुढी सल्लाह गरेर बुढो दाउरा र बुढी पिठो खोज्न जाँदै गर्दा संघर्षको विकास हुन्छ भने बुढाको बाघसँगको जम्काभेट हुनु बाघलाई सेलरोटी दिने प्रण गर्नु र घरमा आएर सेल पकाएर खाने बित्तिकै बाघ आएर घरमा पसेर बुढालाई बोलाउनु, बुढाबुढी बाघको पदचाप सुनेर लुक्नु र बुढाले पादेर बुढाबुढी लुकेको घ्याम्पो फुट्नु र बाघ भाग्नु एकैसाथ हुँदा कथा चरमोत्कर्षमा पुग्छ । यसरी सुरुदेखि अन्तसम्म सिलसिलेवार रूपमा कथानक रैखिक ढाँचामा अघि बढेको छ । छोटो भए पनि कथावस्तुको रोचकता ले कौतुहलता जगाई नै रहन्छ र पाठकको लागि एकोहोऱ्याइरहन्छ ।

#### ४.२.६.२ पात्र वा चरित्रचित्रण

छोटो भएकाले यस कथामा तीनजना पात्रको मात्रै चित्रण भएको छ । दुईजना मानव पात्र र एक जना पशु पात्र उपस्थित छन् । यस कथाका तीनवटै पात्रको प्रमुख भूमिका रहेको छ भने तीनवटै पात्र समयानुकूल चल्ने अनुकुल पात्रहरू हुन् । प्रस्तुत कथामा तीनैजना बिना कथा अधुरो हुने भएकाले तिनै जना मञ्चीय र बद्ध पात्र हुन् ।

#### ४.२.६.३ भाषाशैली

सरल भाषाशैलीमा कथिएको चतुर बुढो कथाको रोमाञ्चपूर्ण शैली र मनोरञ्जनात्मकताले पाठक नहाँसी रहन सक्दैन । चतुर र बुढोको कुरा र शैलीले झन हसाउँछ । त्यसैले यस कथामा रोमाञ्चपूर्ण भाषाशैलीको प्रयोग भएको छ ।

#### ४.२.६.४ परिवेश

यस कथामा ठाउँको नाम किटान गरिएको छैन तर कालिञ्चोक गाउँपालिका वरपर प्राय गरेर सबैको मुखमा झुण्डिएको हुनाले कथा यतैतिरको हो भनेर अनुमान गर्न सकिन्छ भने कथाको परिवेश बुढाबुढीको सानो घर देखि बाघ रहेको घना जंगल सम्म फैलिएको छ ।

#### ४.२.६.५ उद्देश्य

यस कथाको उद्देश्य परिआएको बेलामा बुद्धिले काम लिनुपर्छ भन्ने हो । बाघको पञ्जामा परिसकेको बुढोमा चतुरता नभएको भए उसको त्यही दिन अन्तिम दिन हुने थियो । त्यसैले परेको बेलामा मान्छे चतुर हुनुपर्छ भन्ने शिक्षा छ । त्यस्तै सबैले नकारात्मक रूपमा

लिएको पादले पनि सकारात्मक काम गर्न सक्छ भन्ने सन्देश छ भने कहिल्यै राम्ररी खान नपाएको मान्छेले मीठो खानेकुरा टन्न खान पाउँदा हेक्का नराखी खान्छ भन्ने आशय पनि छ ।

### ४.२.७ तन्त्रविद्या

यस तन्त्रविद्या कथा कालिञ्चोक गाउँपालिकाको लोकप्रिय लोककथा हो । अहिले विश्वासै गर्न नसकिने तन्त्रविद्याको प्रयोगले पहिले मानिसहरू आफ्नो आकांक्षा पूर्ति कसरी गर्थे भन्ने कुरा यस कथाले प्रष्ट बताउँछ भने उतिबेला तन्त्र विद्या जान्ने व्यक्तिलाई सबैले मान्थे र यस्ता व्यक्तिदेखि कसरी सबैजना डराउँथे भनेर स्पष्ट उल्लेख छ । कालिञ्चोक गाउँपालिकाको हालको नारिभौँमा घटेको यस कथा अतिरञ्जित, रोमाञ्चकता र कौतुहलताले भरिएको कथा हो ।

#### ४.२.७.१ कथानक

यस कथा सात आठ पुस्ता अघिका जयभद्र जैशीको तान्त्रिक विद्याको चमत्कारपूर्ण वर्णनबाट सुरु हुन्छ । उनको ख्याति जतातातै हुनुबाट कथाको प्रारम्भ हुन्छ भने कथानक कालिञ्चोक भ्रमण, थुमामाथि परेको नजर र थुमाको मोलमोलाई हुँदै अघि बढ्छ, यो चरण नै यस कथाको संघर्षको चरण हो । मोलमोलाइ नमिलेर रित्तै हात घर आउनु तर मनबाट थुमाको मासुको स्वाद नहराउनुले पनि अब के हुने होला भन्ने कौतुहलता जगाउँछ । यस्तै उनले आफ्नो तन्त्र विद्या को प्रयोग गर्नु र मान्छेबाट बाघमा परिणत भएर उही गोठमा गई हुंकारफुंकार गरेर थुमा लिएर आउँदा कथा चरमोत्कर्षमा पुग्छ । कथानक यतिबेलासम्म सरलरेखीय ढाँचामा अघि बढेपनि फेरि भोटेले जयभद्र जैसीलाई दोलखाको खड्गे जात्रामा भेट्नु र खुकुरी माग्नुले कथा सरल रेखाबाट बक्ररेखीय ढाँचामा अघि बढेको छ भन्न सकिन्छ । यसरी साधारण थुमाको मोलमोलाइबाट विकास हुन पुगेको कथा तन्त्रविद्या को प्रयोग, मान्छेको बागमा परिवर्तन, थुमाको प्राप्ति, फेरि भोटेको जैसीसँगको भेट र भोटेको खुकुरी फिर्तासँगै अर्को थुमाको प्राप्तिसँगै कथा रोमाञ्चकपूर्ण गतिशील र कौतुहलपूर्ण भई बक्ररेखीय ढङ्गबाट अघि बढेको छ ।

#### ४.२.७.२ पात्र वा चरित्रचित्रण

तन्त्रविद्या कथामा प्रयुक्त पात्रहरू जयभद्र जैसी, उनका सहयोगी भोटे, थुमा, बाघ आदि रहेका छन् । यस कथाका मुख्य पात्रहरू जयभद्र जैसी हुन किनकि उनकै आसपासमा पुरै कथा बाँचेको छ । सुरुदेखि अन्तसम्म उपस्थित जयभद्र जैसी प्रमुख सँगसँगै गतिशील पात्र पनि हुन् । यसैगरी सहायक पात्रहरूमा उनका सहयोगी, भोटे, थुमा र बाघ रहेका छन् । यस कथाका भोटे अनुकूल पात्र हुन् किनकि उनी इमान्दार र गरिखाने साधारण मानिसहरूको प्रतिनिधित्व गर्छन् भने जैसी अरुलाई ठगेर खान खोज्ने प्रतिकूल पात्र हुन् । यस कथामा उपस्थित जैसी, भोटे, बाघ, थुमा र सहयोगी सबै

मञ्चीय र बद्ध पात्र हुन किनकि यी पात्रहरूको उपस्थितिबिना यो कथा पूर्ण हुन सक्दैन । लोककथा यही भेगको हुनु र यी पात्रहरू पनि कालिञ्चोक गाउँपालिकाकै हुनुले यी पात्रहरू आञ्चलिक पात्र हुन ।

### ४.२.७.३ परिवेश

यस कथा हालको कालिञ्चोक गाउँपालिका अन्तर्गतको नारीभौं कालिञ्चोक, कुरी र दोलखा शहरको आसपासमा घटेको छ । नारीभौंको समशितोष्ण हावापानीदेखि कुरी कालिञ्चोकको चिसो मौसम, चौंरीगोठ र भेडीगोठ यसका परिवेश हुन् भने भोटेले आफ्नो खुकुरी चिनेको दोलखा बजार र खड्ग जात्रा पनि यसका परिवेश हुन् । समग्रमा यो कथा कालिञ्चोक गाउँपालिकाको स्थानीय परिवेशमा घटेको हो ।

### ४.२.७.४ भाषाशैली

नारीभौं उतिबेला घिमिरे जैसीहरूको थियो, पछि कार्कीहरूको बसोबास बढ्यो घिमिरेहरू जजमान गर्ने र कर्मकाण्डी शिक्षामा तेजिला भएका हुनाले यस कथाको भाषाशैली प्रष्ट नेपाली छ भने कतैकतै स्थानीय थेगोको भने छनक पाइन्छ ।

### ४.२.७.५ उद्देश्य

अहिले यन्त्रको बाहुल्यता रहेको समयमा तन्त्र र मन्त्र पनि कुनै समयका महत्त्वपूर्ण प्रणाली हुन् भन्ने स्पष्ट पार्न खोजिएको छ भने वीर र साहसी व्यक्तिको रूपमा जयभद्र जैसीलाई उभ्याउन खोजिएको छ अर्थात तन्त्रको समयमा ठूला तान्त्रिक नै महान् हुन् र जताततै  पुजिन्छन् भन्ने भाव छ । यस साथसाथै त्यतिबेला भएको ठूलो जातले सानो जातलाई कसरी थिचोमिचो गर्थे भन्ने कुरा प्रष्ट्याउन खोजिएको छ । जातीय थिचोमिचोको छन्क पाइए पनि ठूला तान्त्रिकको महिमा गाउनु उनको वीरताको प्रशंसा गरिनु यस कथाको प्रमुख उद्देश्य हो ।

### ४.२.८ थामीको उत्पत्तिको कथा

थामीको उत्पत्तिको कथा दोलखा जिल्लाको लापिलाङ सुस्पाक्षमावती र आसपासका ठाउँहरूमा बहुसंख्याक रूपमा बसोबास गर्ने थामीहरूको उत्पत्तिको कथासँग जोडिएको छ । पत्रकार चिरञ्जीवी मास्केका (मास्के, २०७७) अनुसार परापूर्व कालमा थामीहरू सिमाङघाट कुमाङघाटबाट भक्तपुर हुँदै दोलखार्को किराती छाप आएको किंवदन्ती छ । उनीहरुमध्ये यापति र सोनारी सुस्पाको राङराङथलीमा बसोबास गरेको किंवदन्ती छ(मास्के, २०७७ पृ.१०२) । थामीको उत्पत्तिका सम्बन्धमा धेरैतिर धेरैथरी किंवदन्तीहरू भए पनि थामीको उत्पतिसम्बन्धी यो किंवदन्ती भने धेरैतिर प्रचलित छ । यो कथा थामीका समुदाय, लापिलाङ, सुस्पा क्षमावती, बाबरे लगायत धेरै ठाउँमा प्रचलित छ ।

### ४.२.८.१ कथानक

त्रेता युगमा र अयोध्यामा रघु नाम गरेका राजाको शासनबाट कथा सुरु हुन्छ । उक्त राज्यमा सुनको र चाँदीको दुईवटा पोखरी हुनु, माथि सुनको, बीचमा चाँदीको पोखरी र सबैभन्दा तल ठूलो खोला हुनु, यी सबै घटनाक्रमहरूले विस्तार कथामा सङ्घर्ष पैदा हुन्छ । राजाको दरबारमा नित्य माछा मार्ने हुँदा निजी माझी र निजी  पोखरी र खोला थियो । माझीको दैनिकी दरबारलाई माछा पुऱ्याएर बचेखुचेका माछा बोकेर घर फर्किनु थियो । यसरी माझीको दैनिकीबाट कथाको चरणगत विकास हुन्छ । राजालाई हरेक दिन माछा मारेर बुझाउनु पर्ने चलनले गर्दा जस्तोसुकै कठिन परिस्थितिमा पनि माझीले माछा मार्नैपर्थ्यो भन्ने कथानक पनि यहाँ रहेको छ । ठूला ठूला जातका माछाहरू राजाको दरबारमा हाजिर गराईनु र सानासाना माछाहरूको उपभोग गर्न माझीले पाउने चलन ऊबेला हुनु र एक दिन यसरी माझी माछा मार्ने क्रममा ती दुवै पोखरी फुटेर खोलामा ठूलो बाढी आउनु धेरै बेर माझीले प्रयत्न गर्दा पनि जालमा एउटै माछा पर्न नसक्नु र अन्तमा माझीले पर पर किनारमा कतै केही देखेजस्तो लागेर जानु र त्यहाँ साना साना दुई बालबालिकाहरू उनको जालमा पर्दा कथा बिस्तारै विकास हुँदै चरम उत्कर्षतिर लाग्छ । जब माझीले यी दुई बालबालिकाहरूलाई राजाको दरबारमा हाजिर गराउँछन् तब कथा चरम उत्कर्षमा पुग्छ ।

त्यसपछि राजाको दरबारमा बुझाइएका दुई बालबालिकाहरू बिस्तारै समयसँगै हुर्किदै, बढ्दै जानु र तिनीहरूको बिहेबारी गर्न त्यतिबेला हिन्दु धर्मको शास्त्र अनुसार अरु जातसँग नमिल्ने भएकाले तिनै दुईजनाको बिहे गरिदिएछन् । तिनका पनि फेरि ७ छोरा र ७ छोरी जन्मिनु हुँदै कथानक अघि बढ्छ । फेरि राजाले ती बालबालिकाहरू पनि बिहेबारी गराउने मानिस गोत्र केही थाहा नभएकाले राजाको हुकुम अनुसार ती ७ छोरा र ७ छोरीहरू उत्तर र दक्षिणको ढोकाबाट छोडिदिनु जता जान्छन्, गएर गरी खाउन भन्ने आदेश हुँदै कथा अघि बढ्छ । यसरी उत्तरको ढोकाबाट निस्किएका ७ छोराहरूमध्ये दुईटा छोरा झाँक्री भएर पश्चिमतर्फ लाग्नु, अनि ६ छोराहरू मध्ये २ छोराहरू मेचे र कोचे आसामतर्फ लागे, २ छोराहरू सुनकोशी र तमोरको तिरैतिर बस्ती बसाल्नु, उनीहरू सुनुवारको रूपमा चिनिनु र एउटा छोरा भने आफ्नो श्रीमतीसहित तामाकोशीको तिरैतिर गएर काठमाडौं भक्तपुर हुँदै तामाकोसीको तिरैतिर गएर सुस्पाको राङराङथलीमा बसोबास गर्नु र त्यहाँ उनीहरूले आफ्नो बस्ती बसाउदै जादाँ कथानक रमाइलो ऐतिहासिक रूपमा अघि बढ्छ । भनिन्छ सुस्पाको राङराङथलीमा आफ्नो घरजम बसाउने श्रीमान श्रीमती यापति र सुनारी थिए । दोलखाको राङराङथलीमा रहँदा बस्दा उनीहरूका पनि ७ छोरा र ८ छोरी भए ।

त्यो समयमा दोलखामा दोलखे राजा हुनु र दोलखे राजालाई  लाग्थ्यो कि उनीभन्दा माथि अर्थात दोलखा भन्दा उत्तरतर्फ बसोबास गर्ने कुनै पनि जाति छैन, केवल जङ्गल मात्र छ तर एकदिन जब उनले तामाकोशी नदीमा पौडी खेल्न जाँदा त्यहाँ अंगार र दाउराका

ठुटा देखी छक्क पर्नु र छक्क परेर को वस्दो रहेछ आफूभन्दा उत्तरतिर भनेर सुराकी गर्न पठाउनु त्यसपछि यापतिलाई पक्राउ गर्नु सोनारी एक्लै पर्नु र सोनारीले हरेक बिन्तीभाउ गर्दै सुनको मिर्ग सम्म राजालाई बुझाएर आफ्ना पतिलाई फिर्ता ल्याउनु र उनकै छोरा छोरीले दोलखाका धेरै भूभाग थामी बस्तीले ढाकिनु सँगसँगै कथानक अघि बढेको छ भने यापति र सोनारीको अन्तिम आठौँ छोरी दोलखे राजाकै कान्छा छोरासँग बिहे गरेर आलम्पु गएर आलम्पु मा बसोबास बसाउनु र अरू छोरा छोरीहरू फैलिदै सुस्पा क्षमावती, लापिलाङ, जिरी, सुरी, बाबरेतिर छरिएर आफ्नो गुजारा चलाउँदा यस कथाको समापन हुन्छ । यसरी कथानक सरर अघि बढेको सुरु मध्य र अन्त्यको क्रमबद्धतामा मिलेको हुनाले कथा रैखिक ढाँचामा छ भन्न सकिन्छ । यस कथामा मुख्य कथानक सङ्सगै उपकथा पनि  छन् । थामीको उत्पत्ति र बसोबास हुनु मुख्य कथा हो भने दोलखे राजाको कथा, रघु राजाको कथा यस कथाका सहायक कथाहरू हुन ।

### ४.२.८.२ पात्र वा चरित्रचित्रण

यस कथाका मुख्य पात्र यापति र सोनारी हुन जसले भारतमा रघु राजाको राज्य रहेको स्थान अयोध्याबाट नेपालको पश्चिम हुँदै दोलखासम्म आएर आफ्नो बस्ती बसाले । घनघोर जंगलमा आफ्नो बस्ती बसाए र गुजारा चलाए । यापति र सोनारी नै यस कथाका प्रमुख पात्र हुन भने रघु नाम गरेका राजा, उनका जनताहरू, माझी, उनका छोराछोरीहरू दोलखे राजा यस कथाका सहायक पात्र हुन । यस सँगसँगै मानवेतर प्राणी पशुको रूपमा आएको सुनको मिर्ग, कालीज अरु गाउँले सबै गौँण पात्रका रूपमा आएका  छन् । कथाको मुख्य भूमिकामा रहेका यापति र सोनारी दुवै अनुकूल र गतिशील पात्र हुन भने यस कथामा देखापरेका दोलखे राजा जसले निर्वाधरूपमा चलिरहेको यापति र सोनारीको जीवनमा यापतिलाई पक्रिएर प्रतिकूल पात्रको रूपमा काम गरेका छन् । यापति, सोनारी, दोलखे, राजा र उनका छोरा छोरीहरू सबै यस कथाका मञ्चीय र बद्ध पात्र हुन । यसरी पात्रगत हिसाबमा पनि रघु नाम गरेका राजा, ती अनाम खोलामा भेटिएका बच्चाहरू, उनीहरूका ७ छोरा र ७ छोरी हरू हुँदै धेरै पात्रहरूले कथा मनोरम र सुन्दर बनेको छ । यापति र सोनारी मुख्य पात्रको भूमिकामा  छन् भने रघु नाम गरेका राजा, उनका निजी माझी, यापति र सोनारीका छोराछोरीहरू दोलखे राजा सहायक भूमिकामा छन् र यापतिका अरु ७ दाजुभाइहरू, दोलखे राजाका जनताहरू र यापति र सोनारीका जिरी आलम्पु सम्म ढाकिएका छोराछोरीहरू यस कथाका गौण पात्र हुन ।

### ४.२.८.३ परिवेश

यस कथा रघु नाम गरेका अयोध्याका कुनै पुस्ताका राजादेखि पश्चिम नेपाल हुँदै काठमाडौं र भक्तपुर, दोलखाको राङराङथली, बाबरे, लापिलाङसम्म ठूलो र विस्तृत परिवेशको कथा छ । रघु नाम गरेका राजाको दरबारको परिवेश, माझीले माछा मार्ने चलन हुनु र आफ्नो गुजारा त्यसैबाट चलाउनु परिवेश हो भने जब हिन्दू संस्कृति अनुसार जवान

केटाकेटीको गोत्र थाहा हुँदैन बिहेबारीमा समस्या आउँछ कुटुम्ब जोड्न गाह्रो हुन्छ भन्ने परिवेश पनि छ । यता दोलखामा आएर सङ्घर्षरत यापति र सुनारीले जङ्गलमा आफ्नो बस्ती बसालेको संघर्षको परिवेश पनि छ भने त्यसपछि यापति र सोनारीका छोरा छोरीहरूले दोलखाको सुस्पा, लापिलाङ, बाबरे, सुरीलगायतका सम्पूर्ण इलाकाहरू ढाकेको र उनका सन्तानहरू फैलिएको विस्तृत र सार्वभौमिक परिवेश छ । यस सँगसँगै दोलखे राजाले दुःख दिएको अथवा यापतिले पाएको दुखको परिवेश पनि यस कथामा छ ।

### ४.२.८.४ भाषाशैली

यस कथाको भाषाशैली अहिलेको प्रयुक्त नेपाली भाषा नै रहेको छ भने कतैकतै थामी शब्दहरूको मिसावट पनि आएको छ । कथा कौतूहलमय र रोमाञ्चपूर्ण हुँदै अघि बढेकोले सरल, सहज र सुन्दर बनेको छ । बक्ररेखीय ढाँचामा अघि बढेको हुनाले कथामा विभिन्न उपकथाहरू पनि मिसिएर आएका  छन् ।

### ४.२.८.५ उद्देश्य

यस कथाको प्रमुख उद्देश्य दोलखामा थामीहरू कसरी भित्रिए ? उनीहरूको वृद्धि र विकास कसरी र कहाँ भयो ? कति दुख पाउँदै उनीहरू हालको अवस्थासम्म आइपुगे भन्ने कुरा बताउनु हो ।

### ४.२.९ सुनखानी

यस लोककथा कालिञ्चोक गाउँपालिकाको विकसित क्षेत्र र अहिलेको गाउँपालिका कार्यालय स्थान आसपासको कथा हो । उक्त ठाउँलाई किन सुनखानी भनियो भन्ने प्रश्नको उत्तर पनि यस कथाले दिएको छ ।

### ४.२.९.१ कथानक

प्रस्तुत लोककथामा मध्य सोह्रौं शताब्दीतिर भारतको कुमाउगण राज्यमा मुसलमानको शासन चलेपछि आफ्नो आत्मरक्षा र धर्मरक्षा गर्न गणेश पाध्यको टोली कुमाउँ गणबाट नेपाल पसेर यस क्षेत्रमा बसोबास गरेबाट सुरु हुन्छ । गणेश पाध्य कुमाउँगडबाट यत्रो यात्रा गरेर आउनु, साथमा घण्टीमा मन्त्रिएर आफ्ना कुलदेवता कालीनाग सङ्सङ्गै ल्याउनुले कथामा संघर्ष पैदा गर्दै रोमाञ्चकता पनि थप्दै जान्छ । घण्टीमा मन्त्रिएर ल्याएको नाग भीषण हुनु र घण्टीलाई बेरेर बस्नुले कथालाई पनि कौतूहलपूर्ण बनाउँछ । घण्टीलाई कालीनागले बेरेपछि उनका लागि मन्दिर बनाउनु र नित्य पूजा गरिनु र नित्य पूजा गर्दागर्दै सोही नाग सुनौलो भएर दिनको १ तोला सुन पनि दिनुले त्यतिबेलाका शिवाकोटीको भक्ति र शक्तिलाई प्रस्फुटन गर्दछ भने नागले सुन दिएका कारणले यस ठाउँको नाम सुनखानी रहन गयो, जुन यस कथाको महत्त्वपूर्ण विषयवस्तु हो । यसरी रैखिक ढाँचामा अघि बढेको कथानक जब पुजारीका छोराले अलि बढी सुन पाउने लोभमा नागको पुच्छर अलि धेरै काट्छन् र उनलाई नागले डसेर मार्छ

कथानक चरमोत्कर्षमा पुग्छ । छोराको मृत्युपछि नागले दर्शन दिन र सुन दिन बन्द गर्दा गर्दै कथा उपसंहारतिर बढ्न थाल्छ । यसरी यहाँ गणेश पाध्य कुमाउगढबाट आउनु, आउँदा घण्टीमा नाग बेरेर ल्याउनु, नागमन्दिर बनाउनु, नागले सुन दिनु मुख्य कथानक हो भने बाउहरू कतै जानु, गणेश पाध्यले माथि कुरीको जंगलबाट दलिन ल्याएर नाग मन्दिर बनाएको कथा सहायक कथानक हो ।

### ४.२.९.२ पात्र वा चरित्रचित्रण

यस कथाका मुख्य पात्रहरू मानवेत्तर प्राणी कालीनाग र गणेश पाध्य  हुन् । यी दुवै पात्रको सेरोफेरोमा सम्पूर्ण कथा अघि बढेको छ । त्यस्तो द्वन्द्वमा परेर पनि आफ्नो धर्म प्रति अडिग रहने र आफ्ना कुलदेवतालाई घण्टीमा बेरेर ल्याउने गणेश पाध्य आस्थावान र अनुकूल पात्र हुन् भने आफ्नो कुलधर्म र सन्तान जोगाउन समयअनुसार चल्ने गतिशील पात्र पनि हुन् । नाग मानवेत्तर प्राणी भए पनि उसले आफ्नो धर्म छोडेको छैन र पूजाबाट खुशी भएर सुन दिनु दर्शन दिनुले नाग पनि अनुकूल पात्र हो भने पुजारीका छोरा त्यत्रो सुन र नागको दर्शन पाउँदा पनि लोभले घेरिएका प्रतिकूल पात्र हुन् जसको प्रतिकूलताले गर्दा शिवाकोटीहरूको सुन प्राप्त गर्ने अवसर नै चुक्यो । यहाँ भएका गणेश पाध्य, नाग र  छोरो मञ्चीय र बद्ध पात्र हुन् भने गणेश पाध्यका दाजुभाइहरू मुक्त पात्र हुन् । कथामा गणेश पाध्य र कालीनाग प्रमुख पात्र हुन् भने उनको छोरो सहायक पात्र र  गणेश पाध्यका दाजुभाईहरू र मुस्लिम राजा गौण पात्र हुन् ।

### ४.२.९.३ परिवेश

भारतको कुमाउ गढदेखि कथाको सुरु हुने हुनाले यस कथाको कथानक फराकिलो छ । कुमाउगढबाट सुनखानी सम्म आईपुग्दा उनले धेरै परिवेश र पश्चिम नेपालको परिवेश सामना गर्दै आइपुगे । गणेश पाध्य हिड्दै आफ्नो अनुकूल ठाउँमा बसेकाले मध्यम र रमाइलो मौसमको परिवेश छ भने तामाकोसी खोलो, खेतीयोग्य जमिन र जङ्गलको पहुँच भएकाले अनुकूल परिवेश छ । जसले गर्दा शिवाकोटीहरूलाई सुनखानीमा अडिन र फ़ैलिन आजसम्म मद्दत गरेको छ ।

### ४.२.९.३ उद्देश्य

यस कथाको मुख्य उद्देश्य जस्तोसुकै कठिन परिस्थितिमा पनि आफ्ना कुलदेवता र आफ्नो धर्म छोडेन भने आफ्नो फलिफाप र राम्रो हुन्छ भन्ने हो । त्यस्तै भक्ति र आराधना मजबुत भयो भने देवताले अनुकम्पा गर्छन् भन्ने हो र यदि मानिस लोभले घेरिएमा आफ्नो र आफ्नो सन्तानको विनाश निश्चित छ भन्ने सार यस कथाबाट पाइन्छ । संक्षेपमा इमानदारी, भक्तिपूर्ण र बुद्धिमान हुनु तर लोभी कहिल्यै नहुनु भन्ने सन्देश यस कथाको रहेको छ ।

### ४.२.१० वनझाँक्रीको कथा

प्रस्तुत कथाको शीर्षक वनझाँक्रीले नै कथा भित्र कतै न कतै वनझाँक्रीको अस्तित्व छ भन्ने कुरा बुझाउँछ भने अहिले कथा वा कहानीका रूपमा बुझेको वनझाँक्रीको अस्तित्व स्वीकारिएको पाइन्छ । वनझाँक्रीको कहावत को कुरा आउने बित्तिकै कथावाचक कमल प्रसाद घिमिरेको नाम जताततै सुनिन्छ । कथाका कथयिताको आफ्नै अनुभव भएको हुनाले यथार्थको पूर्ण धरातलमा उभिएको कथा हो यो ।

#### ४.२.१०.१ कथानक

प्रस्तुत कथा वनझाँक्रीको अस्तित्व माथि उठेको शंकाबाट सुरु हुन्छ भने किशोरहरू मात्र गोठमा कुर्नुपरेको बेलामा वनझाँक्रीको ढ्याङ्गो खोस्न हिम्मत गरेका किशोरहरूको साहसी निर्णय हुँदै कथानक अघि बढ्छ । वनझाँक्री खोलैखोला आउनु, ढ्याङग्रो बजाउदै हल्का तालमा नाच्नुले कथानकलाई अझ रोचक ढंगले अघि बढाउँदै कथामा संघर्षको विकास गरेको छ भने जब वनझाँक्री किशोरहरू कुर्न बसेकाभन्दा ४ कान्ला तल आइपुग्छ सबैका जिउका रौँ ठाडा हुन्छन् र सबैले हात मुट्ठी कसेर बस्छन् तब कथा चरमोत्कर्षमा पुग्छ भने वनझाँक्रीको किशोरहरूलाई तलै छोडेर जब ५ कान्ला माथि पुग्छ बिस्तारै कथानक ओरालो लाग्न थाल्छ । आदि मध्य र अन्तमा सरल रेखामा कथानक अघि बढेको हुनाले यस कथानक रैखिक ढाँचामा अघि बढेको छ भन्न सकिन्छ ।

#### ४.२.१०.२ पात्र वा चरित्रचित्रण

प्रस्तुत कथाको मुख्य पात्र वनझाँक्री मानवेत्तर प्राणी हो । कथाको सुरुदेखि अन्तसम्म प्रमुख पात्र वनझाँक्रीकै सेरोफेरोमा कथा घुमेको छ भने कथालाई गति दिने काम पनि वनझाँक्रीले गरेको हुनाले ऊ यस कथाको मुख्य र गतिशील पात्र हो । यस भेगमा वनझाँक्रीलाई पुरुष र याँटेलाई महिलाको रूपमा व्याख्या गरिने हुनाले वनझाँक्री पुरुष पात्र हो । यस कथामा वनझाँक्री मुख्य पात्र हो भने वनझाँक्री लाई कुर्न बसेका किशोरहरू सहायक पात्र हुन र उनीहरूका  बाबुहरू गौण पात्र हुन ।

#### ४.२.१०.३ परिवेश

यो कथा ग्रामीण भेगको खेत वा बेसीँमा घटेको पाइन्छ । कालिञ्चोक गाउँपालिका वडा नं ४ को सिमखेत, धान काटेपछिको मंसिर पुस को समय मा रातको ११ देखि १२ बजेको परिवेशमा यो कथाको घटना घटेको पाइन्छ । किशोरहरूको सुनको ढ्याङ्गो बेचेर गतिला लुगा जुत्ता किन्ने निर्णयले यो पनि भन्न सकिन्छ कि समय अहिलेजस्तो पुगिसरिको थिएन अथवा उनीहरूको आर्थिक अवस्था सबल थिएन ।

### ४.२.१०.४ भाषाशैली

वनझाँक्रीको कथा कालिञ्चोक गाउँपालिकामा बोलिने कथ्य नेपाली भाषामा छ जुन सहज सरल र बोधगम्य छ । स्थानीय कथ्य भाषाको प्रयोगले कथालाई  अझ सुन्दर र रसपूर्ण बनाएको छ ।मानवेत्तर पात्र  वनझाँक्रीको प्रयोगले कथा अझ रोचक कुतुहलमय बनाएको छ । कालिञ्चोक क्षत्रमा प्रयोग हुने उतिबेलै ,तिमोरू, बाउहरू जस्ता कथ्य शव्दहरूको पनि प्रयोग भएका  छन् ।

### ४.२.१०.५ उद्देश्य

यस कथाका कथयिताको मुख्य उद्देश्य वनझाँक्री कपोलकल्पित पात्र नभई एक वास्तविक पात्रको रूपमा प्रमाणित गर्नु हो भने वनझाँक्री बाँदरको जस्तो भुत्ला भएको प्राणी भएता पनि उसमा आन्तरिक ज्ञान हुन्छ जसले गर्दा नबोलिकनै उसले किशोरहरूको योजनाबारे थाहा पायो र यस कथाको अर्को उद्देश्य भनेको पौरखबिना राम्रो लाउन खान खोज्यो भने असफल भइन्छ भन्ने पनि हो ।

## ४.४ निष्कर्ष

यस परिच्छेदमा कालिञ्चोक क्षेत्रका लोककथालाई सांस्कृतिक तथा ऐतिहासिक लोककथाहरू, धार्मिक लोककथाहरू, मानवका विशेष स्वभाव र प्रकृतिका कथा र अतिमानवीय कथा गरी वर्गीकरण गरिएको छ । साथै कालिञ्चोक क्षेत्रमा प्रचलित प्रमुख दस कथाहरूको तत्त्वगत विश्लेषण पनि गरिएको छ । यस क्षेत्रमा प्रचलित लोककथाहरूकलाई कथानक, पात्र वा चरित्रचित्रण, भाषाशैली, परिवेश र उद्देश्यका आधारमा विश्लेषण गरिएको छ ।

# पाँचौं परिच्छेद

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

त्रिभुवन विश्वविद्यालय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दशौंपत्रको लागि निर्धारण गरिएको लोकसाहित्यसँग सम्बन्धित लोककथाको अध्ययनपत्र पनि एक भएकोले सो प्रयोजनको निम्ति यस अध्ययनपत्र तयार गरिएको छ । लोककथाकै माध्यमबाट पहिलो पुस्ताले दोस्रो पुस्तालाई शिक्षा, नीति नियम र जीवनदर्शन सिकाउने र सच्चा मार्गको बाटो देखाउने गरिएको पाइन्छ । मानव जीवनका सम्पूर्ण पक्षहरूलाई दृष्टिगत गर्दा यी लोककथाहरूको धार्मिक, ऐतिहासिक, आर्थिक, सामाजिक, राजनैतिक तथा ऐतिहासिक महत्व पाइन्छ । लोककथाको यही महत्वलाई दृष्टिगत गरी यहाँ कालिञ्चोक क्षेत्रमा प्रचलित लोक कथाहरुलाई संकलन, वर्गीकरण र विश्लेषण गर्ने गरी प्रस्तुत गरिएको छ । जसलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा विषयपरिचय, समस्याकथन, अध्ययनको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनपत्रको औचित्य, अध्ययन कार्यको सीमाङ्कन, अध्ययन विधि, अध्ययनपत्रको रूपरेखा प्रश्तुत गरिएको छ ।

दोस्रो परिच्छेदमा दोलखा जिल्लाको कालिञ्चोक क्षेत्रको सामान्य परिचयका साथै भौगोलिक विभाजन, ऐतिहासिक पृष्ठभूमि, हावापानी र भू-उपयोग, ऐतिहासिक, धार्मिक र पर्यटकीय क्षेत्रहरू, मुख्य व्यवसायिक क्षेत्रहरू र सामाजिक तथा सांस्कृतिक अवस्थाको वर्णन गरिएको छ ।

यस अध्ययनपत्रको तेस्रो परिच्छेदमा कालिञ्चोक क्षेत्रमा स्थानीय व्यक्तिहरूबाट कहिएका प्रचलित प्रमुख दश कथाहरूलाई सङ्कलन गरिएको छ । सङ्कलित लोककथाहरूमा औसानीको मन्त्रको कथा, कालिञ्चोकको कथा, खोटोको धूपको कथा, गुमुबेशी कालिकाको कथा, गोल्मा राजाको कथा, चतुर बुढा, तन्त्रविद्या, थामीको उत्पतिको कथा, सुनखानी, वनझाँक्रीको कथा छन् ।

चौथो परिच्छेदमा कालिञ्चोक क्षेत्रमा प्रचलित लोककथाहरूको वर्गीकरण र विश्लेषण गरिएको छ । लोककथाहरूलाई सांस्कृतिक ऐतिहासिक लोककथा, धार्मिक लोककथा, मानवका विशेष स्वभाव र प्रकृतिका कथा र अतिमानवीय कथामा वर्गीकरण गरी ती कथाहरूलाई कथानक, पात्र वा चरित्रचित्रण, भाषाशैली, परिवेश र उद्देश्यको आधारमा विश्लेषण गरिएको छ । पाँचौं परिच्छेदमा सारांश तथा निष्कर्ष समावेश गरिएको छ ।

## ५.२ निष्कर्ष

लोककथाहरू लोकको जनजिब्रोमा झुण्डिएका पुस्तौंपुस्ता कथ्य रूपमा हस्तान्तरण हुँदै आएका सामाजिक साँस्कृतिक र ऐतिहासिक अनुभवका किस्साहरू जोडिएर निर्माण भएका कथाहरू हुन् । यसरी नै दोलखा जिल्ला नेपालको इतिहासमा प्राचीन सभ्यता बोकेको जिल्ला हो ।

दोलखामध्ये कालिञ्चोक गाउँपालिकाको जनजीवनको जिब्रोमा झुण्डिएका लोकसाहित्यका धेरै विधाअन्तर्गत लोककथाहरूलाई यहाँ वर्गीकरण र विश्लेषण गरिएको छ । अध्ययनको सीमितताले गर्दा कालिञ्चोक क्षेत्रका पनि सम्पूर्ण लोककथाहरू समावेश गर्न सकिएको छैन । कथानकको हिसाबले प्राय गरेर सामाजिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक कथावस्तुलाई बढी प्राथमिकताका साथ समावेश गरिएको छ किनकि समाजका धरोहर भनेका यिनै ऐतिहासिक, सामाजिक र सांस्कृतिक सम्पदाहरू हुन् । साथसाथै कथामा भूतप्रेतको कथा, वनझाँक्रीको कथा, खोटोको धूपको कथा जस्ता अतिमानवीय कथाहरू छन् भने व्यंग्यात्मक कथामा चतुर बुढो कथा पर्दछ । यी कथाहरूमध्ये धेरैजसो कथाहरू सरलरेखीय ढाँचामा अघि बढेका छन् भने भने एकादुई कथाहरू बक्ररेखिय ढाँचामा पनि अघि बढेका छन् । प्रायजसो कथाहरूमा मुख्य कथानक कै बाहुल्यता पाइन्छ भने कुनै कुनै कथाहरूमा उपकथा पनि जोडिएका छन् ।

पात्र वा चरित्रचित्रणको हिसाबले चरित्रहरूमध्ये धेरैजसो यही समाज र आञ्चलिकताको सुगन्ध बोकेका छन् भने केही पात्रहरू अलौकिक र दिव्य पनि छन् भने ती अलौकिक र दिव्य पात्रहरू सार्वभौमिक पनि छन् । प्रायजसो कथाका पात्रहरू गतिशील, मञ्चीय र बद्ध पात्र छन् । यी प्राय कथाको परिवेश मनोरम र रमणीय हावापानी बोकेको दोलखाको पहाडी भेग हो भने केही कथाहरू हिमाली क्षेत्रमा पनि घटेका छन् । सरसर्ती हेर्दा यी कथाहरूमा, आस्तिक र शिक्षित परिवेश छ भने कतिपय कथामा भने हुने र नहुने बीच उपल्लो र तल्लो जात बिच विभेद पनि टड्कारो रूपमा देखिन्छ । यसरी शिक्षित र आस्तिक हुँदाहुँदै पनि हिन्दू धर्मको कट्टर परिपालन पनि यी कथाको परिवेश हो ।

उद्देश्यका हिसाबले यी कथाहरूले प्राय गरेर आस्था र भगवानको अस्तित्वको सन्देश दिन्छन् । यसैगरी सच्चा मनले गरेको प्रार्थना भगवानले सुन्छन् तर यदि मन धमिलो र उल्टो भइदियो भने आफ्नो र सम्पत्तिको ह्रास हुन्छ भन्ने पनि यी कथाहरूको सन्देश हो । पुराना इतिहास र सम्पदाहरूको उजागर गरी तिनको संरक्षण र सम्वर्धन गर्नु पनि यी कथाहरूको महत्त्वपूर्ण उद्धेश्य हो । सत्यको जित र असत्यको हार टड्कारै देखिने कथाहरूमा आपतविपतको बेला बल हैन बुद्धी र विवेकले काम लिनु, आफ्नो वचनमा कटिबद्ध रहनु, लोभमा नफस्नु, सानो लोभले ठूलो क्षति हुन्छ भन्नेजस्ता सन्देशहरू कालिञ्चोक क्षेत्रका लोककथामा पाइन्छ । समग्र कालिञ्चोक क्षेत्रका लोककथाहरू यस क्षेत्रका सम्पत्तिहरू हुन् जसको सङ्कलन र जगेर्नाको अत्यन्त जरुरी छ । लोककथाहरू मात्रै

नभएर लोकसाहित्यका विभिन्न विधाहरू जस्तो लोकगाथा, लोकनाटक, गाउँखाने कथा र उखान टुक्काहरूलाई समेत संरक्षण र सम्बर्द्धन गर्न जरुरी छ । क्षेत्रगत भ्रमणको बेला स्रोत, व्यक्ति र अन्य व्यक्तिहरूको लवजमा प्रयुक्त तुक्का र गाउँखाने कथाहरूले अझ यिनीहरूको जगेर्नाको महत्त्व प्रष्ट्याएको छ । कालिञ्चोकमा क्षेत्रमा लोककथाहरू अझ धेरै नै जीवित छन् । यी १० वटा लोककथाहरू त केवल प्रतिनिधि कथाहरू मात्रै हुन् । यदि यसरी यी दस कथाहरूजस्तै कालिञ्चोक गाउँपालिका र दोलखा जिल्ला भित्रका समग्र लोककथाहरू सङ्कलन र संरक्षण गऱ्यो भने मध्यम आकारको पुस्तक हुने कुरामा दुईमत छैन । दोलखा जिल्लामा अझ धेरै जातजातीहरू अझ धेरै भाषाभाषीहरूको बसोबास छ । कालिञ्चोक गाउँपालिका भित्रै तामाङ शेर्पा, नेवार, मगर, दमाई ,कामीजस्ता जातजातीहरूको बसोबास छ र यी सम्पूर्ण जातजातिका उत्पत्तिका कथाहरू भूकम्प र पहिरोले ल्याएका आपतविपतका कथाहरू, भूतप्रेतका कथाहरू बाँकी नै छन् ।

२०७२ सालको भूकम्पले कतिपय पुराना संरचना र सम्पदाहरू ढलेकाले अझ तीब्र रूपमा लोकसाहित्यमाथि नजर दिनुपर्ने देखिन्छ । पुराना लोक संरचनाहरू ढलिसके र पुराना व्यक्तित्वहरू पनि थोरै मात्र जीवित हुनुहुन्छ । यदि उहाँहरू को मुखारविन्दबाट हामीले सबै कथाहरू श्रवण गरेर र लिपिबद्ध गरी जगेर्ना गर्न सक्यौं भने लोकसाहित्यको क्षेत्रमा महत्त्वपूर्ण योगदान हुने निश्चित छ । तर पनि यिनै १० कथाहरूको मात्रै सङ्कलन, वर्गीकरण र विष्लेषणले पनि कालिञ्चोक, दोलखा र समग्र नेपाली लोकसाहित्यमा एउटा इँटा थपिने कुरामा विश्वस्त हुन सकिन्छ ।

# परिशिष्ट

## कथावाचकको नामावली

| क.सं. | कथाको शीर्षक | स्रोतव्यक्ति | ठेगाना |
|---|---|---|---|
| १ | औसानीको मन्त्रको कथा | सीतादेवी भण्डारी, वर्ष-७० | कालिञ्चोक ४, दोलखा |
| २ | कालिञ्चोकको कथा | मित्र प्रसाद भण्डारी, वर्ष-५५ | कालिञ्चोक ४, दोलखा |
| ३ | खोटोको धूपको कथा | बम बहादुर तामाङ, वर्ष-४७ | कालिञ्चोक २, दोलखा |
| ४ | गुमुबेशी कालिकाको कथा | कृष्ण प्रसाद न्यौपाने, वर्ष-५७ | कालिञ्चोक ३, दोलखा |
| ५ | गोल्मा राजाको कथा | अमृत बहादुर बाँनिया, वर्ष-७७ | कालिञ्चोक १, दोलखा |
| ६ | चतुर बुढो | इश्वर ढुङ्गेल, वर्ष-३५ | कालिञ्चोक ७, दोलखा |
| ७ | तन्त्रविद्या | रामप्रसाद सुवेदी, वर्ष-५० | कालिञ्चोक ४, दोलखा |
| ८ | थामीको उत्पतिको कथा | मइराम थामी, वर्ष-५४ | कालिञ्चोक ६, दोलखा |
| ९ | सुनखानी | डिल्लीनाथ शिवाकोटी, वर्ष-८८ | कालिञ्चोक ८, दोलखा |
| १० | वनझाँक्रीको कथा | कमला प्रसाद घिमिरे, वर्ष-७५ | कालिञ्चोक ४, दोलखा |

# सन्दर्भ सामग्रीसूची


के.सी., बाबुराम (२०७४), *तामाकोशी क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन,* (अप्रकाशित अध्ययनपत्र) नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।

तामाङ, लालबहादुर (२०७५), *तामाङ जातिमा प्रचलित लोकगीतको अध्ययन,* (अप्रकाशित अध्ययनपत्र) नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।

दिवस, तुलसी (२०७७), *नेपाली लोककथा,* बुक हिल्स पब्लिकेशन ।

नेपाल प्रज्ञा प्रतिष्ठान (२०७३), *पचहत्तर जिल्लाका लोककथा,* काठमाडौँ : नेपाल प्रज्ञा प्रज्ञा प्रतिष्ठान (२०७३),

बन्धु, चूडामणि (२०७५), *नेपाली लोकसाहित्य,* एकता बुक्स ।

बुढाथोकी, कृष्णमाया (२०६५), *दोलखा जिल्लामा प्रचलित लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण,* (अप्रकाशित अध्ययनपत्र) नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।

मास्के, चिरञ्जीवि (२०७८), *नान्को आथाङ उलाम,* नेपाल थामी समाज ।

वाग्ले, मिथिलादेवी (२०७४), *दोलखा जिल्लाको दक्षिणी भेगमा प्रचलित लोककथाहरूको अध्ययन,* (अप्रकाशित अध्ययनपत्र) नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।

ict.ddcdolakha@gmail.com

https://rb.gy/m30pw2

https://rb.gy/m30pw2

https://utkhpl.org.np/

hhtps://761khabar.com